नेवाः सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ भदौ २४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 09 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २३

## खुलेका विद्यालयमा स्वास्थ्य मापदण्ड पालना भएन

प्रस, वीरगंज, २३ भदौ/

पर्सा जिल्लाको छिपहरमाई र पकाहामैनपुर गाउँपालिकाबाहेक १२ वटा



तस्वीरः प्रतीक





पालिकामा विद्यालयहरू सञ्चालनमा आएका छन् ।

छिपहरमाई गापाले भदौ २७ गतेदेखि पालिकामा विद्यालय सञ्चालन गर्ने निर्णय गरेको छ तर पकाहामैनपुरले भने अहिलेसम्म विद्यालय सञ्चालन गर्ने विषयमा निर्णय गरेको छैन । वीरगंज महानगरपालिकामा संस्थागत तथा सामुदायिक विद्यालयहरू सञ्चालनमा आएसँगै जिल्लाभरिका पालिकाहरूमा एकपछि अर्को विद्यालय खोल्ने होडबाजी शुरू भएको हो ।

विद्यालय सञ्चालनको लागि स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्ने संस्थागत तथा सामुदायिक विद्यालयहरूको छाता सङ्गठन प्याब्सन, एन–प्याब्सन, शिक्षक सङ्घ, सङ्गठन र महासङ्घले प्रतिबद्धता जाहेर गरे पनि अहिले विद्यालय सञ्चालन भएसँगै स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरिएको छैन । वीरगंजमा अहिले विद्यालयका बसहरू पनि सञ्चालनमा आएका छन् । सानादेखि ठूला सबै कक्षा सञ्चालनमा छन् । विद्यालयमा पचास प्रतिशतभन्दा पनि कम विद्यार्थीले मास्क लगाउने गरेका छन् ।

साबुन–पानीले हातधुने कुरा सम्भव पनि नभएकोले पालना गरिएको छैन । प्रत्येक विद्यालयमा साबुन–पानीको व्यवस्था छ तर विद्यार्थीहरूले हात धोएर कक्षामा प्रवेश र हात धोएर बाहिरिने स्वास्थ्य मापदण्ड पालना गरेका छैनन् । विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरूले दुई सिफ्टमा अथवा आलोपालो गरी कक्षा सञ्चालन गरेका छैनन् । पूर्ववत्रूपमा विद्यार्थीहरू बेन्चमा कोचिएर बस्ने र अध्ययन गर्ने गरेको पाइएको छ ।

***प्रस, सेढवा/***

जगरनाथपुर र जीराभवानी गाउँपालिकामा सञ्चालित विद्यालयहरूमा स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरिएको छैन । विद्यार्थीहरू आफूखुशी मास्क लगाएर आउँछन् तथा नलगाउनेलाई रोकटोक पनि गरिएको छैन । प्रअहरूले यस सम्बन्धमा विद्यार्थीहरूलाई नियन्त्रण गर्न नसकिने बताए । विद्यार्थी सङ्ख्या बढी भएकाले मास्क लगाएको नलगाएको निगरानी गर्दा उनीहरूको पढाइमा असर पुग्ने बताए ।

यसैगरी, विद्यालयमा हात धुन लगाउने र सामाजिक दूरी बनाउने हो भने विद्यालय सञ्चालन गर्न नसकिने उनीहरूको प्रतिक्रिया छ । तीनवटा ठूला विद्यालयले मात्र आलोपालो गरी कक्षा सञ्चालन गरेका छन् । बाँकी सबै विद्यालय पूर्ववत्रूपमा सञ्चालित छन् । एउटा बेन्चमा चारजना विद्यार्थी बसेर पढिरहेका छन्, यसअघि छजना बसेर पढ्थे । अहिले भर्खरै विद्यालय सञ्चालन भएकोले विद्यार्थी सङ्ख्या बढ्न सकेको छैन ।

***प्रस, पंचगावाँ/***

पटेर्वासुगौलीमा सञ्चालित विद्यालयहरूमा पनि स्वास्थ्य सुरक्षा मापदण्डको पालना भएको छैन ।

बालविकासदेखि कक्षा १२ सम्मका विद्यार्थीहरूमध्ये आधाले पनि मास्क लगाउँदैनन् । विद्यार्थी सङ्ख्या बढी भएकोले सामाजिक दूरी पालना हुन सकेको छैन । साबुन–पानीले हात धुने व्यवस्था गरिएको छ तर कसैले पनि त्यसको प्रयोग गरेको पाइँदैन ।

***प्रस, पर्सागढी/***

पर्सागढी नगरपालिकामा अहिले कक्षा ८ देखि १२ सम्मको पढाइ भइरहेको छ । जसले गर्दा विद्यार्थीहरूको भीड हुन सकेको छैन । ठूला कक्षामा पढ्ने विद्यार्थीहरूमध्ये पनि ६० प्रतिशतले मात्र मास्क लगाउने गर्छन् । यहाँ पनि स्वास्थ्य सुरक्षा मापदण्डको पालना हुन सकेको छैन ।

***प्रस, ठोरी/***

ठोरी गापामा सञ्चालित विद्यालयहरूमा पनि स्वास्थ्य सुरक्षा मापदण्डको पालना भएको छैन । एकाध विद्यालयले कक्षा आलोपालो गरी सञ्चालन गरेका छन् तर धेरैजसोले पूर्ववत्रूपमैं बालविकासदेखि कक्षा १२ सम्म सञ्चालन गरेका छन् । मास्क लगाउने, साबुन–पानीले हात धुने र सामाजिक दूरी बनाउने कुरामा यहाँ पनि लापरवाही छ ।

स्वास्थ्य सुरक्षासम्बन्धी नियम पालना गर्दा विद्यालय सञ्चालन हुन नसक्ने प्रअहरूको भनाइ छ । मास्कसम्मको निगरानी गर्न सकिने तर त्यसबाहेक अन्य गर्न नसकिने उनीहरूले बताए । तर मास्कको पनि निगरानी गरिएको छैन । नलगाउनेलाई मास्क लगाएर आउन कुनै पनि विद्यालयले कर गरेको छैन ।

## धानको बाला सुक्दा किसानहरू चिन्तित

प्रस, सेढवा, २३ भदौ/

वर्षेबाली धानको बाला निस्केर दाना नलाग्दै सुक्न थालेपछि ग्रामीण किसानहरू चिन्तामा परेका छन् । विशेषगरी भदैया मन्सुली, हर्दिनाथ, सोना सारो तथा हाइब्रिड जातका धानको बाला निस्केर दाना नलाग्दै सुक्न थालेका छन् ।

यी जातका धान ग्रामीण भेगका ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिकामा बढी खेती गरिएको छ । यस वर्ष समयमैं पटक–पटक पानी परे पनि धानमा विभिन्न रोग लागेका कारण किसानहरू पीडित भएका ठोरी गाउँपालिका–५ निवासी माइते दोङले बताए ।

भदैया जातको धानमा लागेको रोगका कारण धान उत्पादनमा निकै कमी आउने उनको भनाइ छ । चैते धानबाली वर्षाका कारण किसानहरूले निकै सस्तोमा बेचेर घाटा खानुपरेको र अहिले दोस्रो बालीमा पनि उत्पादन कम हुँदा किसान मारमा परेको दोङले बताए ।

११० दिनमा तैयार हुने सोना सारो, भदैया मन्सुलीलगायतका भदैया जातका धानको बाला निस्किने बेला गान्ही कीरा (अमेरिकी फौजी कीरा) लागेको तथा गाभा सुक्ने रोग लागेको छ । अहिले बाला निस्किने समयमा गान्ही कीराले दाना लाग्ने दूध खाने हुँदा उत्पादनमा



तस्वीरः प्रतीक

निकै ह्रास हुने चिन्ता रहेका जीराभवानी गाउँपालिका वडा नं २ सेढवाका किसान जयद्रथ चौधरीले गुनासो गरे । सोही जातका धानमा गाभा सुक्ने रोगबाट छुटकारा पाउन दुईपटक कीटनाशक औषधि छर्किसकेको तर नियन्त्रणमा आउन नसकेको किसान चौधरीले बताए ।

त्यस्तै, सोना मन्सुली अर्थात् अगहनी जातको धानबालीमा सरलहवा (ब्लास्ट) रोग लागेको छ । यो रोगमा फङ्गल कीटाणुले बिरुवाको जरालाई खाने गर्दा जरा कुहिने गरेको जगरनाथपुर गाउँपालिकाका कृषि संयोजक शत्रुघ्न चौरसियाले बताए ।

यता जीराभवानी गाउँपालिकाका कृषि प्राविधिक बृजेश साहले कीराले गाभाको सतहमा गएर फूल पार्ने र सोही फूल लार्भामा परिवर्तन भई गाभालाई खाने गर्दा गाभा सुक्ने गरेको बताए । यसका लागि साप्ताहिकरूपले कीटनाशक औषधि छर्नुपर्ने तर निकै ढिलो भएकोले अब नियन्त्रण गर्न नसकिने साहको भनाइ छ ।

## अन्तर्राष्ट्रिय साक्षरता दिवसमा शिक्षाबारे छलफल

प्रस, वीरगंज, २३ भदौ/

अन्तर्राष्ट्रिय साक्षरता दिवस बुधवार वीरगंजमा कार्यक्रम गरी मनाइएको छ ।




तस्वीरः प्रतीक

जिल्ला समन्वय समिति पर्सा र सामाजिक संस्था जिल्ला समन्वय समितिको समन्वयमा कोरोनाले निम्त्याएको शैक्षिक असमानता र यसको सम्बोधन विषयक छलफल कार्यक्रम एनजिओसिसीको कार्यालयमा सम्पन्न भएको थियो ।

जिसस पर्साका सभापति नेकमहमद अन्सारीले कार्यक्रमको उद्घाटन गर्दै पालिकाहरूले शैक्षिक क्षेत्रमा चासो नदिएको आरोप लगाए । उनले विकास निर्माणमा सडक, नाला बनाउन बढी चासो दिएको तर शिक्षाको गुणस्तर बढाउनेतर्फ खासै चासो नदेखाएको गुनासो पोखे ।

नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीले शिक्षक नियुक्ति, सरुवा आदिमा पनि स्थानीय प्रमुखले कमिशन लिने गरेको बताए । उनले शिक्षाको विकासका लागि पालिका प्रमुखसँगै अभिभावकहरूमा पनि जागरूकताको खाँचो रहेको बताए । एनजिओसिसीका अध्यक्ष इब्राहिम देवानको अध्यक्षतामा भएको कार्यक्रममा जिसस पर्साका समन्वय अधिकारी छविरमण भट्टराई, नेपाल शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा रामाकान्तप्रसाद कुर्मीले स्वागत र विशाल गुप्ताले सहजीकरण गरेका थिए ।

## आइटी किसानद्वारा ट्याक्टर र्‍याली

प्रस, रौतहट, २३ भदौ/

आइटी किसान सङ्घर्ष समिति रौतहटले बुधवार ट्याक्टर र्‍याली प्रदर्शन गरेको छ ।

गरुडा बजारबाट शुरू गरिएको र्‍याली गौर परिक्रमा गर्दै 'किसानलाई युरिया मल तत्काल व्यवस्था गर, किसानलाई पेन्सनको व्यवस्था, किसानलाई बीमा, किसानलाई ऋण, ट्याक्टरमा लाग्ने ब्याज मिनहालगायतका नारा लगाइएको थियो ।



नेकपा रौतहटका नेता उपेन्द्र साहको अगुवाइमा ट्याक्टर र्‍याली निकालेर विपी चोकमा कोणसभा गरेको थियो । सभामा नेता साहले कृषिप्रधान देश नेपालका किसानहरू सेवा–सुविधाबाट वञ्चित रहेको आरोप लगाए । उनले विभेदकारी नीतिका कारण किसान पीडित भएको बताउँदै किसानले मलबीउलगायत अन्य सेवा–सुविधा नपाएको कारण उत्पादनमा असर परेको बताए । उनले नेपालमा उत्पादन कम भएको कारण अहिले भारतबाट खाद्यान्न आयात गर्नुपर्ने दुःखद परिस्थिति झेल्नुपरेको बताए ।

सो अवसरमा पार्टीका प्रदेश, जिल्ला र नगरपालिका स्तरीय नेता तथा किसानहरूको सहभागिता थियो ।

## छोटकरी

### फरार मियाँ पक्राउ

प्रस, पंचगावाँ, २३ भदौ/

पटेर्वासुगौली गाउँपालिका–१ बैरियाटोलबाट ६० वर्षीय सदै मियाँलाई प्रहरीले पक्राउ गरेको छ ।

गत २०७७/६/१८ मा मियाँको घरमा खानतलाशी गर्दा २३ किलो गाँजा बरामद भएको थियो । सोही बखतदेखि फरार मियाँलाई बुधवार बिहान १० बजे प्रहरी चौकी रङ्गपुर टाँडीले पक्राउ गरेको प्रहरी सहायक निरीक्षक राजाबाबूप्रसाद यादवले बताए । पक्राउ परेका मियाँविरुद्ध जिप्रका पर्सामा लागूऔषध मुद्दा चलिरहेको हुँदा निजलाई आवश्यक कारबाईको लागि जिप्रका पर्सामा पठाइएको उनले बताए ।

खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनाले छोप्ने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## विचारसार एवं सूक्तिहरू

**गरीब नजीकको सम्बन्धी भएपनि ऊसँग नाता लुकाउँछन्, धनी ठाढाको छ भने पनि निकै नजीकको सम्बन्ध फलाक्न चुक्दैनन् मानिसहरू ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## एमसिसीको पक्षमा दुई तिहाइ

**मुलुकमा अहिले एमसिसीको खिचडी निकै पाक्दै छ। एकै चीजलाई थरीथरीका मसला हालेर स्वाद फरक पार्ने गरी पकाउन सिपालुहरूबीच दह्रो प्रतिस्पर्धा चलेको छ । चार वर्षदेखि थाती रहेको अमेरिकी सहयोग नियोग मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) संसद्बाट अनुमोदन गर्ने कि नगर्ने भन्ने निष्कर्षमा पुग्नुपर्ने अवधि घट्दै जाँदा मुलुकका राजनीतिक दलहरूले जनताको बीचमा यसलाई फरक–फरक रङ्ग भरेर लगिरहेका छन् । 'सन्तान थरीथरीका' भने जस्तै नेपाली जनता पनि थरीथरीका, कसैलाई रातो मन पर्ने, कसैलाई कालो त कसैलाई पहेंलो मन पर्ने । जहाँ जसलाई जस्तो रङ्ग र स्वाद मन पर्छ, राजनीतिक दल र सामाजिक अभियन्ताहरूले पनि एमसिसीमा त्यस्तै रङ्ग र स्वाद भरेर पुर्‍याउने कार्य भइरहेको छ । एमसिसी के हो ? राजनीतिक दलका अगुवाहरूलाई राम्रैसँग थाहा छ । अपवादबाहेक सर्वसाधरण नागरिकमा भने यसबारेमा धेरै कमलाई मात्रै जानकारी छ ।**

**एमसिसी अनुमोदनको पक्षमा हाम्रो मुलुकको दुई तिहाइभन्दा धेरै राजनीतिक दलका अगुवाहरू देखिएका छन् । तर कुरा के मात्रै हो भने यहाँ भोटको राजनीतिलाई प्राथमिकता दिइएको छ । सर्वसाधारणको बुझाइ जे छ, त्यसैमा होमा हो मिलाउने परिपाटी छ । ताकि भोट नबिग्रियोस् । नागरिकलाई सही दिशानिर्देश गरेर बनाइएको जनमत दीर्घकालीन हुन्छ । त्यो दीर्घकालीन जनमत तयार गर्न सक्ने क्षमता हाम्रा राजनीतिक अगुवाहरूमा देखिएन । अर्कोतर्फ कुर्सीबाट सडकमा पुग्ने बित्तिकै उनीहरूको बोलीमा पनि आमूल परिवर्तन आउने गरेको छ । एमसिसीबारे प्रधानमन्त्री देउवा, निवर्तमान प्रधानमन्त्री ओली, पूर्व प्रधानमन्त्रीत्रय डा भट्टराई, प्रचण्ड र नेपालको बुझाइ एकै हो । एमसिसी संसद्बाट पास गर्नुपर्छ भन्नेमा उनीहरूको एकमत छ । त्यसको उद्देश्य मात्रै फरक हो । जनसमुदाय र आफ्नो भूमिका अनुसार उनीहरूले फरक–फरक किसिमका अभिव्यक्ति दिइरहेका छन् । डा. भट्टराईको पालामा एमसिसीको प्रक्रिया अगाडि बढेको हो । सङ्घको चुनावभन्दा पहिले देउवा सरकार छँदा यसले निकै प्रगति गर्‍यो । प्रचण्ड, नेपाल र ओली एकै दलमा रहँदा एमसिसी पारित गर्न निकै कसरत भएको थियो । शायद पूरा कार्यकाल चलाउन पाएको भए ओली सरकारले नै एमसिसी पारित गराउने योजना थियो ।**

**एससिसीको विरोध गर्नेहरू यहाँ कैयौं छन् । तर विरोधको उद्देश्य फरक छ । वामपन्थीहरूले विरोध गर्नु स्वाभाविक छ । उनीहरू अमेरिकाभन्दा चीनलाई सैद्धान्तिकरूपले नजीक देख्छन् । केहीले आफू सत्तामा नभएकोले विरोध गरिरहेका छन् । एमसिसीलाई सत्ता चढ्ने भर्‍याङ बनाउन चाहिरहेको स्पष्ट छ । कतिपय उम्रँदै गरेका शक्तिहरू भने आफूलाई ठूलो राष्ट्रवादी देखाउन र भोलिका दिनमा आफूहरू पनि स्थापित हुनका लागि विरोध गरिरहेका छन् । हाम्रो मुलुकमा भारत र अमेरिकालाई जतिसक्दो गाली गर्ने व्यक्तिलाई राष्ट्रवादीको पगरी गुथाइदिने हुँदा चर्चाकै लागि विरोध गर्नेहरू पनि छन् । धेरैजना त बुझ्दै नबुझेर विरोध गर्नेहरू पनि छन् । सामान्यतया बुझ्नुपर्ने कुरा के छ भने एमसिसी नेपालले आफैं निवेदन हालेर, माग गरेर ल्याएको कार्यक्रम हो, यो हिन्द–प्रशान्त कार्यक्रमभन्दा पहिले नै शुरू भएको कार्यक्रम हो । लागू भएपछि पनि यसको कुनै बुँदाको बर्खिलाप हुने गरी काम गरिदिएमा सम्झौता स्वतः खारेज हुन्छ ।**

# तीजको मान्यता र अहिलको समाज

स्वतन्त्र विचार



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**तीजले अहिले सामाजिक जागरणको काम पनि गरेको छ। समाज तथा राजनीतिको क्षेत्रमा भएका उपलब्धि र विकृतिसमेतलाई तीजको गीतमा समेटिएको पाइन्छ । तीजको अर्थतन्त्र आफैंमा विशाल बनेको छ । यसरी तीजको आयाम वर्तमान नेपाली समाजमा विशाल र विस्तृत बन्न पुगेको छ भन्दा अत्युक्ति नहोला ।**

पहिले तीजलाई कठोर व्रतको रूपमा लिइन्थ्यो । अहिले पनि तीजलाई कठोर व्रतकै रूपमा लिइन्छ तर दशकौं पहिलेको कठोरताभन्दा केही नरमपन आएको कतिपयको विश्लेषण छ । तीजलाई पहिले पूर्ण धार्मिक व्रतको रूपमा लिइन्थ्यो भन्नेहरू पनि छन् । अहिले यस व्रतले फरक स्वरूप धारण गर्दै गएको छ । तीज अहिले धार्मिक व्रत होइन भन्न खोजिएको कदापि होइन । धार्मिक मान्यता तथा धार्मिक विश्वास र पौराणिक आधारहरू समाजमा पर्याप्त रहेको देखिन्छन् र भेटिन्छन् । हाम्रा अधिकांश चाडपर्वको सम्बन्ध सोझोरूपमा धर्मसित रहेको देखिन्छ । अझ तीजको सम्बन्ध त देवाधिदेव महादेवको विवाहसित रहेको मान्यता छ ।

सम्भवतः विश्वमैं सबैभन्दा बढी तामझामका साथ तीज मनाइने देश नेपाल हुनुपर्छ । नेपालका पनि हिन्दूहरूको एउटा पर्व हो तीज । नेपाली हिन्दूमा सर्वाधिक महत्त्वका साथ दशैंलाई मनाउने गरिएको पाइन्छ भने नेपाली महिला हिन्दूहरूको सबैभन्दा ठूलो पर्वको रूपमा तीज रहेको मानिन्छ । हो, नेपालमा हिन्दू धर्मप्रति आस्था राख्नेहरू पनि विभिन्न समुदायका छन् । मधेसी समुदायको सबैभन्दा ठूलो पर्व छठ र होली हो । छठ र होलीलाई पहाडी समुदायले मान्दैनन् भन्ने होइन । यसैगरी, तीजलाई मान्ने मौलिकतामा हिन्दू समुदायकै पहाडी समुदाय र मधेसी समुदायमा भिन्नता रहेको छ । एउटै पर्वलाई भिन्नभिन्न किसिमले मान्नु पनि मौलिकता हो तर सांस्कृतिक अन्तर्घुलनले गर्दा अहिले बिस्तारै एकको प्रभाव अर्को समुदायमा पर्न थालेको छ । यसले गर्दा कतिपय चाडपर्वमा दुवैतिरको प्रभाव परेको देख्न सकिन्छ ।

तराई–मधेसमा मधेसी समुदायका महिलाले मान्ने तीज धार्मिक हुन्छ । तराई मधेसका महिलाले नाचगान गरेर तीज मनाउने गरेको पनि खासै पाइन्न । तीज मान्न माइत नै जाँदा राम्रो वा तीजमा माइत जानुपर्छ भन्ने सामाजिक दृष्टिकोण पनि खासै रहेको पाइन्न । तीजको व्रत बस्नेले छठको व्रतजस्तै व्रतको अवधिभर पानी पनि पिउनुहुन्न भन्ने मान्यता राख्दछन् व्रतालुले । सुख र सुविधा अनुसारको सामग्री लाउने र चढाउने गर्दछन् । यदि राम्ररी हेर्ने हो भने तीजमा मुख्यरूपमा शिवकै पूजा गरिए पनि तराई र पहाडमा शिवलाई अर्पण गरिने सामग्रीमा भने केही भिन्नता रहेको देखिन्छ । यसलाई स्वाभाविक मान्नु उचित हुन्छ ।

एउटा मान्यता के रहेको छ भने हिमालयपुत्री पार्वतीको उमेर पुगेपछि विष्णुसित विवाह गरिदिने इच्छा थियो पिताको । पिताको चाहना अनुसार पार्वतीलाई भगवान् विष्णुसित विवाह गर्ने इच्छा थिएन । भगवान् शिवको सय वर्षसम्म तपस्या गरिन् पार्वतीले । सय वर्षसम्म तपस्या गर्दा पनि शिवले दर्शन नदिएपछि अन्न र जल त्याग गरेर कठोर तपस्या गरिन् । पार्वतीको कठोर तपस्याले भगवान् शिव खुशी भएर दर्शन दिए । भगवान्ले आफूले खुशी भएर दर्शन दिएको र इच्छा पूरा हुने आशीर्वाद दिएका थिए । पार्वतीको चाहना अनुसार नै भगवान् शिवसित पार्वतीको विवाह सम्पन्न भएको थियो । कतिपय प्रसङ्गमा कस्तो पनि पाइन्छ भने पार्वतीको विवाह यही तीजकै दिन भगवान् शिवसित भएको थियो । भगवान् शिवलाई वरण गर्न पाएको वा भगवान् शिवलाई खुशी तुल्याउन पाएको जुन व्रत छ, सोही व्रतलाई आजका हिन्दू नारीहरूले तीजको रूपमा मनाउन थालेका हुन् वा त्यसै समयदेखि नै महिलाहरूले तीजको व्रत लिन थालेका हुन् । तीजको व्रत बस्दा भगवान् शिवले नै व्रतालुले चिताएको पूरा गर्दछन् भन्ने मूल मान्यता रहेको छ ।

यदि वर्तमान हिन्दू समाजलाई विचार गर्ने हो भने भदौ महीनालाई त्यति राम्रो महीनाको रूपमा लिइएको पाइन्न । भदौलाई कतिपयले अशुभ महीनाको रूपमा मान्ने गरेको पाइन्छ । यसैले गर्दा यस महीनामा पारिवारिक तथा सामाजिक शुभ कार्यहरू गर्नुहुँदैन भन्ने मान्यता पनि रहेको पाइन्छ । यदि राम्ररी हेर्ने हो भने भदौ महीनामैं भगवान् श्रीकृष्णाको जन्म भएको हो । भगवान् शिव र पार्वतीको विवाह पनि माथिको मान्यता अनुसार यसै भदौ महीनामैं भएको हो । जुन महीनामा भगवान्को जन्म हुन्छ, त्यो महीना कसरी अशुभ ? जुन महीनामा भगवान्को विवाह हुन्छ, त्यो महीना कसरी विवाहकै दृष्टिकोणले अनुपयुक्त ? आदि प्रश्न नउब्जिने होइन ।

हुनत भगवान्सित मानिसको तुलना गर्नु त्यति उचित हुँदैन भनेर पनि मानिन्छ । भगवान् भनेकै सबैभन्दा ठूलो विशिष्टता हो । भगवान्ले गरेको कुरामाथि प्रश्न उठाउनुहुँदैन । भगवान्ले जे गरेका हुन्छन्, लोकहितका लागि गरेका हुन्छन्, त्यसमा अनेक रहस्य लुकेका हुन्छन् । सामान्य मानिसले भगवान्को अनुकरण गर्नु उचित हुँदैन । भगवान् बन्ने प्रयास पनि गर्नुहुँदैन भन्ने जस्ता सामाजिक सोचाइ वा दृष्टिकोण नभएका होइनन् । हो, समाजमा यस्ता कुरा पाइन्छन् र विश्वास पनि रहेको देखिन्छ । यदि समाजका यस्ता कुराहरूको विरोध गर्ने हो भने नराम्रो पनि हुन बेर हुँदैन । सामाजिक संस्कृति र चलनहरूको विरोध गर्नुपर्छ भन्ने पनि होइन । हाम्रा संस्कृतिमा रहेका कतिपय मान्यताको परीक्षण हुन बाँकी छ भन्ने हो तर यसको अर्थ यो कदापि होइन कि हामीले हाम्रा संस्कृतिमाथि अनावश्यक प्रश्न उठाएर संस्कृतिलाई होच्याउने काम गर्नु उचित हुन्छ ।

तीज अहिले देशभरि अत्यन्त धूमधामका साथ मनाइन्छ वा मानिन्छ । अझ सरकारले तीज पर्वलाई मान्यता दिएर दशकौंदेखि महिला बिदा दिने गरेको छ । यस बिदाले गर्दा यस व्रतको महत्त्व अझ बढ्न गएको छ । तीजको दुई/चार दिन पहिलेदेखि नै महिलाहरू किनमेल गर्न थाल्छन् । यसको अर्थ यो पनि हो कि तीज बिस्तारै एकदिवसीय पर्व नभएर बहुदिवसीय हुन पुगेको छ । तीजको एक/दुई दिन पहिले कतै लाग्ने हाटबजार होओस् वा शहर बजार होओस्, सामान किन्नेको भीडभाड त भइहाल्छ, साथमा पहिलेको तुलनामा महँगीमा पनि वृद्धि भएको हुन्छ । हुनत महँगी हरेक चाडपर्वको स्वाभाविक बजार गुण हुन गएको छ । यद्यपि महिलाले मन पराउने तथा तीजसित सम्बन्धित सामग्रीको मूल्य अस्वाभाविकरूपमा तीजको समयमा बढ्ने गर्दछ ।

तीजलाई पर्वहरूको समूह पनि भन्न सकिन्छ । अहिलेको अवस्थामा तीजको भोलिपल्ट चौठी वा चकुचन्ना मनाइन्छ भने पर्सिपल्ट ऋषिपञ्चमी । कतिपय महिलाहरू यी तीन पर्व एकसाथ गर्दछन् । यसले गर्दा कतिपय घरमा तीन दिनसम्म लगातार व्रतको माहोल हुन्छ । आखिरमा व्रतमा महिलाको भूमिका नै प्रधान हुने गर्दछ । महिलाको भूमिका प्रधान हुँदा शायदै कुनै घर होला, जहाँ महिलाले गर्दै आएका नियमित काममा पुरुषले सहयोग गरोस् वा महिलाको सम्पूर्ण काम पुरुषले गरिदेओस् । अझ अहिलेको स्थितिमा धेरै महिला कार्यालय तथा अन्य क्षेत्रमा सक्रियरूपमा लागेका छन् । तीजलगायतका व्रत पनि गर्नु छ र घरपरिवारलाई पनि समय दिनैपर्ने हुन्छ । यसले गर्दा तीजलाई पहिले जसरी महिलाको पर्व भनिन्थ्यो र अहिले जसरी महिलाको पर्व भनिन्छ, यी दुईमा धेरै भिन्नता रहेका छन् । महिलाले घरको काम एकछिन नगर्दा पनि हुन्छ तर कतिपय कार्यालयमा केवल सम्बन्धित व्यक्तिले नै गर्नुपर्ने काम हुन्छ र त्यस कामको जिम्मेवारी यदि कुनै महिलामाथि रहेको छ भने त्यस कामलाई व्रतको कारण रोक्न वा सार्न सकिंदैन । व्रतको भोलिपल्ट वा पर्सिपल्ट आफैंले गर्नुपर्ने हुन्छ । यस कारण समयसँगै परिस्थिति पनि फेरिएको हुन्छ र महिलाको हकमा जिम्मेवारीसँगै व्रतको परिपालना अर्थात् संस्कृतिको निर्वहन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ र भएको देखिन्छ पनि समाजमा ।

तीजले अहिले सामाजिक जागरणको काम पनि गरेको छ । समाज तथा राजनीतिको क्षेत्रमा भएका उपलब्धि र विकृतिसमेतलाई तीजको गीतमा समेटिएको पाइन्छ । तीजको अर्थतन्त्र आफैंमा विशाल बनेको छ । यसरी तीजको आयाम वर्तमान नेपाली समाजमा विशाल र विस्तृत बन्न पुगेको छ भन्दा अत्युक्ति नहोला ।


# एमसिसीका विषयमा एमालेमा कुनै मतभेद छैन –उपमहासचिव पौडेल

लुम्बिनी, २३ भदौ/रासस

नेकपा (एमाले)का उपमहासचिव विष्णुप्रसाद पौडेलले मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)का विषयमा पार्टीमा कुनै मतभेद नरहेको बताएका छन् । सरकारले एमसिसीको प्रस्ताव संसद्मा पेश गर्नासाथ एमालेले आफ्नो धारणा स्पष्ट पार्ने उनले बताए ।

प्रेस चौतारी नेपाल, रूपन्देहीले बुधवार बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा उपमहासचिव पौडेलले एमालेले राष्ट्रको हितलाई केन्द्रमा राखेर र जनताको चाहना अनुसार निर्णय गर्ने बताए । एमसिसीका विषयमा सत्ता गठबन्धनका सहभागी दल नै एकमत नरहेको उनको भनाइ थियो । एमाले विभाजन नभई सर्पले झैं काँचुली मात्र फेरेर पार्टीमा नयाँ जीवनको सुरुआत भएको पौडेलले सुनाए ।

पार्टी विभाजन विचार र दर्शनका आधारमा नभई लोभ तथा अवसरका लागि भएको पौडेलले आरोप लगाए । सरकारले एमाले विभाजनका लागि ल्याएको अध्यादेश कुनै पनि हालतमा संसद्बाट पारित हुन नसक्ने उनको भनाइ थियो । पार्टीको लुम्बिनी प्रदेशको बैठकका निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा नेता पौडेलले लुम्बिनी प्रदेशमा पार्टी विभाजनको कुनै असर नपरेको बताए । प्रदेश कमिटी बैठकले पार्टी एकीकरणका लागि कार्यदलले तयार गरेको १० बुँदे सम्झौतालाई सकारात्मकरूपमा लिएर रचनात्मकरूपमा



कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

# अब एम्बुलेन्स चालकले तालीम लिनुपर्ने

काठमाडौं, २३ भदौ/रासस

अब एम्बुलेन्स चालकले राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट तालीम लिनुपर्ने भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नयाँ 'राष्ट्रिय एम्बुलेन्स निर्देशिका–२०७८' जारी गर्दै केन्द्रबाट तालीम लिएका चालकले मात्र एम्बुलेन्स चलाउन पाउने जनाएको छ । यसअघि सवारी चालक अनुमतिपत्र लिएका सबैले एम्बुलेन्स चलाउन पाउँदथे । अब सवारी चालक अनुमतिपत्र लिएको पाँच वर्ष अनुभव भएपछि मात्र एम्बुलेन्स चलाउन पाउनेछन् ।




एम्बुलेन्स सञ्चालन गर्दा 'क' वा 'ख' वर्ग हुनुपर्ने र सबै एम्बुलेन्स अनिवार्यरूपमा फोर ह्वील ड्राइभ, पावर स्टेरिङ, सस्पेन्सन चेन सिस्टमको हुनुपर्नेछ । 'क' र 'ख' वर्गको एम्बुलेन्सका लागि मात्र राजस्व छुटको व्यवस्था गरिएको निर्देशिकामा उल्लेख छ । 'क' र 'ख' वर्गको एम्बुलेन्सका लागि मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट वा नर्स अनिवार्यरूपमा राख्नुपर्ने र ती स्वास्थ्यकर्मीले अनिवार्यरूपमा तोकिएको तालीम लिएको हुनुपर्ने उल्लेख छ ।

यस्तै, हरेक एम्बुलेन्समा जिपिएस अनिवार्य जडान गर्नुपर्नेछ । सबै एम्बुलेन्स अनिवार्यरूपमा एउटै नम्बरबाट तथा एप्लिकेशनबाट सर्वसाधारणले सेवा पाउने सक्नेगरी प्रेषण केन्द्रमा आबद्ध हुनुपर्नेछ ।

यस्तै, एम्बुलेन्स चालक र एम्बुलेन्समा रहने स्वास्थ्यकर्मीले आकस्मिक चिकित्सकीय प्राविधिकले गाढा गुलाबी रङ्को ज्याकेट र गाढा नीलो पाइन्ट लगाउनुपर्ने हुन्छ । यस्तै, राष्ट्रिय प्रेषण केन्द्र र प्रादेशिक प्रेषण केन्द्र रहनेछन् । ती केन्द्रले एम्बुलेन्समा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुका साथै एम्बुलेन्स घटनास्थलमा नपुगुन्जेलसम्म बिरामी वा घाइतेलाई आकस्मिक प्राथमिक उपचारका लागि सहजीकरण र मार्गदर्शन गर्ने निर्देशिकामा उल्लेख छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# जनकपुर चुरोट कारखानाको विद्युत्गृह र छापाखाना पुनः सञ्चालन गर्ने तयारी

धनुषा, २३ भदौ/रासस

प्रदेश नं २ सरकारले लामो समयदेखि बन्द रहेको जनकपुर चुरोट कारखाना लिमिटेड (जचुकालि)को विद्युत्गृह र छापाखाना पुनः सञ्चालन गर्ने भएको छ। जचुकालि बन्द भएसँगै प्रयोगविहीन भएको विद्युत्गृह र छापाखानालाई सञ्चालनमा ल्याउन प्रदेश सरकारको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले पहल थालेको हो ।

आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्राविधिक, मन्त्रालयका कर्मचारीसहित केही दिनअघि विद्युत्गृह र छापाखानाको निरीक्षण गरेका थिए । निरीक्षणपछि प्राविधिकले सामान्य मर्मतसम्भार गरे सञ्चालन गर्न सकिने बताएका थिए । जचुकालिको विद्युतगृहमा पाँचवटा शक्तिशाली जेनरेटर छन्। उक्त विद्युत्गृह प्रदेश सरकारले सञ्चालन गर्न लागेको आन्तरिक मामिला तथा सञ्चारमन्त्री साहले बताए।

त्यसैगरी, जचुकालिको रङ्गीन छापाखाना लामो समयदेखि प्रयोगविहीन रहेकाले सञ्चालन गर्न दिन सङ्घीय सरकारसँग आग्रह गरेको उनले बताए। विद्युतगृह र छापाखाना लिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घको उद्योग मन्त्रालयमा पत्राचार गरिसकेको मन्त्री साहले बताए ।

"विद्युतगृह र छापाखाना सञ्चालनका लागि सङ्घीय सरकारलाई आग्रह गरेका छौं," मन्त्री साहले भने, "सङ्घीय सरकारले सकारात्मकरूपमा लिएको छ । सङ्घीय सरकारको मन्त्रिपरिषद् विस्तार भएपछि यो प्रक्रिया अगाडि बढ्नेछ ।" प्रदेश सरकारको आफ्ना छापाखाना नहुँदा बर्सेनि करोडौं रुपैयाँ छपाइमा खर्च गर्दै आएको छ । आफ्नै छापाखाना भए उक्त खर्च कटौती हुने मन्त्री साहले बताए । चालु आर्थिक वर्षमा प्रदेश सरकारले छापाखानाका लागि बजेट छुट्याए पनि पहिलो प्राथमिकता जचुकालिको छापाखाना सञ्चालन गर्ने भएको उनको भनाइ छ। उनका अनुसार उक्त छापाखाना सञ्चालन गर्न नसके प्रदेश सरकारले आफ्नै नयाँ छापाखाना खरीद गर्नेछ।



तस्वीरः फाइल

**यस्तो छ जचुकालिको इतिहास**

जनकपुर उपमहानगरपालिका–९ मा जचुकालि कारखाना रहेको छ। लगभग छ दशक पुरानो कारखाना अहिले बन्द छ । रूस सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०२१ पुस २९ मा तत्कालीन राजा महेन्द्र शाहले कारखाना उद्घाटन गरेका थिए। कारखाना २०७० असार २० गतेदेखि बन्द छ । यद्यपि यहाँको उत्पादन भने २०६८ चैतदेखि नै बन्द भएको हो । सोभियत सङ्घको अनुदान तथा तत्कालीन अर्थमन्त्रीसमेत रहेका समाजसेवी रामनारायण मिश्रको प्रयासबाट २०१७ सालदेखि जचुकालि निर्माण कार्य शुरू भएको थियो । कारखाना स्थापनाको चुक्ता पूँजी रु चार करोड आठ लाख ३७ हजार थियो । कारखाना निर्माणका लागि सर्वसाधारणबाट जग्गा खरीद गरिएको थियो। शुरूमा ३०० कर्मचारीलाई भर्ना गरेर चुरोट कारखाना सञ्चालन गरिएको थियो। उत्पादन र काम पनि राम्रो बन्दै गएपछि २०४४ सालमा सबैभन्दा बढी चार हजार ७०० कर्मचारीले प्रत्यक्ष रोजगार पाएका थिए । विसं २०७० असार २० गते जचुकालिका कर्मचारीलाई अवकाश दिइएको थियो । तत्कालीन खिलराज रेग्मीको सरकारले कर्मचारीलाई पे–अफ गर्दै कारखाना बन्द गर्ने निर्णय गरेको थियो । कारखाना बन्द भएको बखत जचुकालिमा करीब साढे ७०० कर्मचारी कार्यरत थिए ।

कारखाना बन्दपछि जचुकालिको ३३ विघा नौ कट्ठा क्षेत्रफलको जग्गा र भौतिक संरचना उद्योग मन्त्रालयले पछि जिल्ला प्रशासन कार्यालय धनुषाको मातहतमा सारेको थियो। तीन भागमा छुट्याइएको क्षेत्रफलमा आठ बिघामा कारखानाको भवन, २० बिघामा आवास भवन र पाँच बिघामा गोदाम छ । कारखाना सञ्चालन भएका बेला कर्मचारीको आवासका लागि २५ वटा भवन बनाइएको थियो । ती भवनमा सयौं कोठा छन्।

कारखानाको जनकपुरमा मात्र नभई नेपालभरि २६ छुट्टाछुट्टै शहरमा जग्गा र दुई ठाउँमा कार्यालय भवन निर्माण गरिएका छन्। तीमध्ये जग्गा थुप्रै बिक्री भइसकेका छन् भने बाँकी रहेका पनि चौरका रूपमा प्रयोगविहीन छन् । बुटवलमा स्थापना गरिएको क्षेत्रीय कार्यालयको दुई तले भवन हाल एकजना कुरुवाको भरमा प्रयोगविहीन अवस्थामा छ । नारायणगढमा रहेको भवन पनि प्रयोगमा छैन । धनुषा, महोत्तरी, विराटनगर, उदयपुर, वीरगंज, पोखरा, नारायणघाट, नेपालगंज, सुर्खेत, दिपायल, सिन्धुली, धनगढीमा अहिले पनि कारखानाको अर्बौं मूल्यका जग्गा प्रयोगविहीन अवस्थामा छन्।

यस क्षेत्रका किसान तथा सर्वसाधारणका लागि जीवनयापन गर्ने ठूलो साधनका रूपमा यो कारखानाको विकास भएपनि २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएपछि कारखाना सञ्चालनमा राजनीतिक हस्तक्षेप बढ्दै जाँदा त्यहीँबाट यसको अवसान शुरू भएको कारखानाका अवकाशप्राप्त कर्मचारी क्षीरेश्वरनाथ नगरपालिका–५ महेन्द्रनगरका गणेशबहादुर आले बताउँछन्।

आलेका अनुसार सरकार परिवर्तन भएलगत्तै कारखानाको महाप्रबन्धक तथा सञ्चालक समितिका अध्यक्ष परिवर्तन गर्ने सरकारी नीतिले कारखाना धराशयी भएको हो । सफल बन्दै गएको र सरकारलाई पनि नियमित राजस्व तिर्दै गएको कारखानाको राजस्वमा पछि कमी आउन थालेपछि त्यसको प्रभाव हरेक क्षेत्रमा पर्न थाल्यो। यस क्षेत्रको विकासमा ठूलै योगदान दिन सक्ने जचुकालि धराशयी हुँदा उद्योग तथा व्यापारमा निकै नोक्सानी भएको यहाँका व्यापारी बताउँछन्।

यस क्षेत्रकै पहिचानका रूपमा रहेको जचुकालि खारेज भइसक्दा पनि सरकारले यसका सम्पत्ति उचित व्यवस्थापन गर्न नसक्दा विनाश हुने क्रम बढेको हो। अहिले कारखानाको भवनमा प्रदेश २ को प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, प्रदेश सरकारको कार्यालय र मन्त्री निवास छ । सरकारले कारखाना सञ्चालन गर्न नसकेर बन्द भएपछि खाली रहेको भवनमा प्रदेशको कार्यालय स्थापना गरिएको छ। उद्योगको लागनी, भौतिक पूर्वाधार र उद्योगभित्र रहेको कच्चा पदार्थ संरक्षणका लागि सम्बन्धित निकाय मौन देखिएको स्थानीयवासीको गुनासो छ।

## नेप्सेमा उच्च अङ्कको गिरावट, कारोबार रकमसमेत घट्यो

काठमाडौं, २३ भदौ/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधवार पनि उच्च अङ्ले घटेको छ । लगातार ओरालो लागेको नेप्सेको यात्रा आज पनि जारी रह्यो। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से ६०.०२ अङ्ले ओरालो लागेर दुई हजार ८७६.५९ मा ओर्लेको छ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.९१ बिन्दुले ओरालो लागेर ५३६.५१ मा पुगेको छ । नेप्सेको ओरालो यात्रासँगै कारोबार रकम पनि बुधवार घटेको छ। कुल २२५ कम्पनीको एक करोड ६१ लाख ४८ हजार ६५२ कित्ता शेयर रु छ अर्ब ६४ करोड ६६ लाख २३ हजार ४२७ मूल्यमा खरीद–बिक्री भए ।




कारोबार भएका १३ उपसमूहको शेयर नै आज ओरालो लागेको छ। बैंकिङ ३१.९६, व्यापार ८२.०४, होटल तथा पर्यटन ६४.३५, विकास बैंक १५७.९७, जलविद्युत् ५३.३५, वित्त ९७.०५, निर्जीवन बीमा ३२८.८२, उत्पादन १८८.४३, अन्य ६३.३४, लघुवित्त ६७.६३, जीवन बीमा ४२१.३६, सामूहिक लगानी कोष ०.०९ र लगानी २.५३ बिन्दुले घटेको छ।

कारोबारका आधारमा युनाइटेड मोदी हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको रु ४० करोड ५७ लाख ७५ हजार ४६१ बराबरको कारोबार भयो। यस्तै, अरुण भ्याली हाइड्रोपावर रु २४ करोड ५१ लाख २३ हजार ६३८, स्वरोजगार लघुवित्त रु २४ करोड २१ लाख ६२ हजार ५६७, रिडी हाइड्रोपावर रु २३ करोड ६३ लाख ५८ हजार ५८९ र रैराङ हाइड्रोपावर रु २३ करोड ४६ लाख ४९ हजार ३२८ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

नेप्सेका अनुसार सानिमा लाइफ इन्स्योरेन्स कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। एक्सेल डेभलपमेन्ट बैंक ८.६०, रैराङ हाइड्रोपावर ८.३३, युनिभर्सल पावर ७.६४ र स्वरोजगार लघुवित्तका लगानीकर्ताले ६.९८ प्रतिशतले कमाए।

त्यस्तै, लाइफ इन्स्योरेन्स कम्पनी ६.०६, गुडविल फाइनान्स ५.४७, एनआइबिएल समृद्धि फन्ड एक ५.३३, सिभिल लघुवित्त ५.२९ र गुह्येश्वरी मर्चेन्ट बैंकका लगानीकर्ताले ५ प्रतिशतले गुमाए । बुधवारको कारोबारपछि बजार पूँजीकरण रु ४० खर्ब २५ अर्ब ७६ करोड ८८ लाख ७० हजार २८७ बराबर कायम भएको छ।

## मादी हत्या प्रकरणः प्रहरीद्वारा सूक्ष्म अध्ययन

किमाथाङ्का, २२ भदौ/रासस

संखुवासभाको मादी नगरपालिका–१ खोलागाउँको उम्लिङमा एकै परिवारका छजनाको वीभत्स हत्याको घटना सम्बन्धमा प्रहरीले सूक्ष्म अध्ययन तथा अनुसन्धान शुरू गरेको छ।

सङ्घीय प्रहरी कार्यालय धरानबाट प्रहरी उपरीक्षक भीमबहादुर दाहाल नेतृत्वको विशेष टोलीले घटनास्थल पुगेर सूक्ष्म अध्ययन तथा अनुसन्धान शुरु गरेको हो।

सोमवार बिहान एकै परिवारका छजनाको हत्या भएको खबर जानकारी हुने बित्तिकै स्थानीय प्रहरी, इलाका प्रहरी चैनपुर र जिल्ला प्रहरी कार्यालयबाट घटनास्थलमा प्रहरी पुगेको थियो । घटनास्थल पुगेका प्रहरीले छजनाको शव घरवरिपरि विभिन्न स्थानमा छरपस्ट भेटेका थिए।

घटनाको प्रकृति हेर्दा जिल्ला प्रहरीले मात्र घटनाको पर्याप्त अनुसन्धान हुन नसक्ने भएपछि सङ्घीय प्रहरी कार्यालय धरानबाट तालीमप्राप्त कुकुरसहित प्रहरीको विज्ञ टोलीलाई बोलाइएको थियो। उक्त टोलीले घटनास्थलको सूक्ष्म अध्ययन गरिसकेपछि शव परीक्षणका लागि मङ्गलवार विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ।

घटनाको थप अध्ययनका लागि तालीमप्राप्त कुकुरसहितको विज्ञ र प्रहरी टोली अभियुक्त पत्ता नलागेसम्म घटनास्थलमा नै रहने जनाइएको छ । घटनालाई थप अध्ययन तथा अनुसन्धानका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लगायतको टोली घटनास्थल आउँदै गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले जानकारी दिए।

८५ वर्षीय बौद्धमान कार्कीको परिवारमा उक्त नरसंहार भएको हो । घरमा रहेका सातजनामध्ये उनी मात्रै सकुशल छन्। अरू छजनाको भने हत्या गरिएको अवस्थामा यत्रतत्र शवहरू भेटिएका थिए । प्रहरीका अनुसार बौद्धमानकी पत्नी ८४ वर्षीया पार्वता, छोरा ५८ वर्षीय तेजबहादुर, बुहारी ५२ वर्षीया कमला तथा तेजबहादुरकी बुहारी ३२ वर्षीया रञ्जना, नाति ११ वर्षीया दीपेन र नातिनी ७ वर्षीया गोमा कार्कीको हत्या भएको हो।

एउटै परिवारका छजनाको हत्या भएपछि पूरै गाउँ शोकमा डुबेको वडाध्यक्ष खेमनाथ कटुवालले बताए । "सिङ्गो गाउँमा सन्नाटो छाएको छ । कसैले पनि यस्तो दर्दनाक घटना कसरी भयो होला भनेर सोच्नसम्म सकिरहेका छैनन्," उनले भने, "घटना देखेका र सुनेका छिमेकीहरू कसैको घरमा चुल्हो बलेको छैन ।" घटनाको अनुसन्धानमा स्थानीय बासिन्दा र जनप्रतिनिधिले पनि प्रहरीलाई सहयोग गरिरहेको वडाध्यक्ष कटुवालले जानकारी दिए।

उनका अनुसार हत्या बिहान वा राति नै गरिएको हो भन्ने यकीन हुन बाँकी छ। वृद्ध अवस्थाका बौद्धमानले पनि घटनाका बारेमा आफूले थाहा नपाएको बताएका छन्। मृतक सबैको शव घरबाट लगभग सय मिटरको आसपासमा भेटिएको थियो। प्रहरी र स्थानीयवासीका अनुसार तेजबहादुरको शव घरदेखि करीब ७० मिटर पर सडकको भित्तामा, पार्वतीको घरैमा सुतिरहेको अवस्थामा, कमला र रञ्जनाको घरनजीकैको खोल्सीमा तथा दीपेन र गोमाको घरमाथि खरबारीमा शव फेला परेको थियो।

**घटना राति भयो कि बिहान अझै अन्योल**

यो घटना सोमवार बिहान अथवा आइतवार बेलुका कति बेला भएको हो भन्ने अन्योल रहेको छ। स्थानीयवासी बौद्धमानका अनुसार सपरिवार बेलुका ६/७ बजेतिर खाना खाएर सुतेका थियौं। बिहान एक्कासि यस्तो देखियो अचम्मैमा परें । घटनामा परेकाको शवको अवस्थालाई हेर्ने हो भने तेजबहादुरले गम्बुट (जुत्ता) र कोट लगाएका छन् भने अन्य पाँचजनाले चप्पल, स्यान्डल लगाएका थिए। सोबमोजिमको प्रकृतिलाई हेर्दा घटना कतिबेला भएको हो भनेर सोझै अनुमान गर्न सक्ने स्थिति छैन ।

यो घटनालाई विश्लेषण गर्ने हो भने बेलुका खाना खाएर सुतेका चप्पल, जुत्ता नलगाएको हुनुपर्ने हो। घटना बिहानैको हो भने पनि भागदौड गर्दा जुत्ता, चप्पल उनीहरूले कसरी लगाउन भ्याए ? हत्या गरिएका छजनाको नै टाउकोमा सामान्य चोट र रगत जमेको पाइएको छ । विभिन्न सञ्चारमाध्यममा प्रकाशन र प्रसारण भए अनुसार धारिलो हतियार प्रयोग गरी हत्या गरिएको भनिए पनि त्यस्तो नभएको पाइएको हो। उनीहरूको शव घोप्टिएको अवस्थामा रहेको थियो।

# राष्ट्रिय जनगणना कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुने

काठमाडौं, २३ भदौ/रासस

कोभिड–१९ को सङ्क्रमण बढेसँगै सरकारले गत वैशाख १९ गतेदेखि बन्दाबन्दीको घोषणा गरेपछि स्थगित भएको राष्ट्रिय जनगणना २०७८ को मूल गणना कार्य आगामी कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म हुने भएको छ।

पूर्वनिर्धारित कार्यक्रम अनुसार जनगणनाको मूल गणना कार्य २०७८ जेठ २५ देखि असार ८ गतेसम्ममा सम्पन्न गर्ने कार्यक्रम रहेको थियो। प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणना यस वर्ष पाँच महिना ढिला गरी 'मेरो गणना, मेरो सहभागिता : राष्ट्रिय जनगणना २०७८' भन्ने नाराका साथ हुन गइरहेको छ।

कोभिड–१९ महामारीका कारण नेपाल सरकार मन्त्रिपरिषद्को गत वैशाख १९ गतेको निर्णय अनुसार स्थगन भएको राष्ट्रिय जनगणनाको कार्यक्रम पुनः सञ्चालन गर्न केन्द्रीय तथ्याङ्क विभागद्वारा तयार गरेको नयाँ कार्यतालिका मन्त्रिपरिषद्को गत भदौ २१ गतेको बैठकले स्वीकृत गरेको छ। कोभिड–१९ को सङ्क्रमण दर निरन्तर कम भइरहेको, बन्दाबन्दीको अवस्था नरहेको तथा जनजीवन सामान्य अवस्थामा फर्किरहेकाले स्थगन भएको जनगणना सरकारले पुनः सञ्चालन गर्ने निर्णय गरेको हो।

यस जनगणनामा ३९ हजार गणक तथा आठ हजार सुपरीवेक्षकले अनुमानित ७० लाख परिवार तथा तीन करोड जनसङ्ख्याको गणना १५ दिनको कार्य अवधिमा सम्पन्न गर्ने तयारी भएको आज विभागमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।




विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले हालसम्म सात प्रदेश जनगणना कार्यालय तथा ८० वटा जिल्ला जनगणना कार्यालय सञ्चालनमा रहेको, ३४९ स्थानीय जनगणना कार्यालय स्थापना गर्ने क्रममा रहेको, जनगणनाका लागि एक हजार ७११ जना प्रशिक्षक तयार गरिएको जानकारी दिए।

उनका अनुसार यही भदौ ३० देखि असोज १८ गतेसम्म घरपरिवार सूचीकरण कार्य सम्पन्न गरी कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म मूल गणना कार्य सम्पन्न गर्न आवश्यक पर्ने सुपरीवेक्षक, गणकलगायत अन्य जनशक्ति व्यवस्थापन भइसक्नेछ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्य मापन गर्न, आगामी २० वर्षका लागि जनसङ्ख्या प्रक्षेपण गर्न आदिका लागि पनि जनगणनाको तथ्याङ्क प्रयोग हुने हुँदा यसलाई सम्पन्न गराउनु सबैको कर्तव्य भएको राष्ट्रिय योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले बताए।

देशमा बसोबास गर्ने विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग, लिङ्ग तथा उमेर समूहको अवस्था थाहा पाउनेदेखि उनीहरूको सामाजिक, आर्थिक तथा लैङ्गिक अवस्था कस्तो छ भन्ने बुझ्नका लागि पनि जनगणना गर्ने विश्वव्यापी प्रचलन रहेको छ।

जनगणनाबाट प्राप्त तथ्याङ्का आधारमा राज्यले आवश्यक नीति, योजना तथा कार्यक्रम तय गर्नेदेखि बनेका कार्यक्रमको अनुगमन/मूल्याङ्कन हुने गर्दछ। जनगणनाको तथ्याङ्ककै आधारमा निर्वाचन क्षेत्र निर्धारण हुने, प्रतिनिधिसभा तथा प्रदेशसभाको सदस्य सङ्ख्या यकीन हुने, केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहसम्म स्रोत परिचालन गर्न, राज्यका विभिन्न तहमा विभिन्न जाति, भाषा, धर्म, क्षेत्र, वर्ग तथा लिङ्का व्यक्तिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने भएकाले यसलाई निकै महत्वका साथ हेर्ने गरिन्छ।

प्रत्येक घरमा पुग्ने गणकले विभिन्न ८० वटा प्रश्न सोध्नेछन् र यसका लागि करीब २० मिनेटसम्म समय लाग्नेछ। "कुनै ठाउँमा छ महीनाभन्दा बढी बसोबास गरेका नेपाली नागरिकको सोही ठाउँबाट गणना गरिनेछ," महानिर्देशक श्रेष्ठले भने, "विदेशी कूटनीतिक नियोगमा कार्यरतदेखि वैदेशिक रोजगारमा गएका र विदेशमा रहेका नेपालीलाई पनि गणनामा छुटाइनेछैन।"

प्रत्येक १० वर्षमा एकपटक हुने राष्ट्रिय जनगणना नेपालमा पहिलोपटक १९६८ सालमा भएको थियो । जनगणनाको १२औं शृङ्खलासम्म आइपुग्दा पहिलोपटक २००८ सालमा स्थगित भई २००९ र २०११ सालमा गरिएको थियो भने कोरोना सङ्क्रमणका कारण यसपटक पाँच महिना ढिला हुन गएको छ।

# लाचार र लाचारी

मन्तव्य



कुमार रुपाखेती

**यसरी मुलुकको अवमूल्यन, जनताको अवमूल्यन, मुद्राको अवमूल्यन हुँदासमेत नागाबाबाले झैं आँखा चिम्लेर बस्नेहरूले मुलुककै पतन गराइरहेका छन् । पातकी राजनीतिक दल र तिनका नेताहरूबाट देशलाई बचाउन अर्को आन्दोलन नै जरुरी छ ।**

सामरिक र भौगोलिक कारणले गर्दा नेपाल एउटा सुरक्षित देश मानिन्छ । चीनले तिब्बत र भारतले सजिलै सिक्किम गाभेझैं चीन र भारतले नेपाललाई निल्न सक्दैनन् । संयुक्त राष्ट्रसङ्घ, असंलग्न परराष्ट्र नीति तथा चीन र भारतको वर्तमान अवस्थाले समेत नेपालको सार्वभौमसत्ता र स्वतन्त्रता अक्षुण्ण देखिन्छ। राजा, महाराजाहरू एकादेशका कथा बनेझैं वर्तमान एक्काइसौं शताब्दीमा छिमेकी राष्ट्रलाई गाभ्न खोज्नु फलामको चिउरा चपाउनुसरह जस्तै कठिन काम हो । विशाल चीन र भारतका बीचमा रहेको सानो मुलुक नेपालबारे यदाकदा ठूला छिमेकीले आफूमा गाभ्छन् कि भन्ने चर्चा परिचर्चा भने चलिरहन्छ। नेपालको उत्तरी भागको रहनसहन चिनियाँसँग मिल्ने तथा दक्षिणी भेगको रहनसहन भारतको नजीक देखिन्छ ।

नेपाललाई गाभ्न असम्भव भएकोले नै यहाँ बेलाकुबेला भारत र चीनले आआफ्नो सिक्का जमाउन चलखेल गरिरहन्छन्। यिनकै देखासिकी गर्दै अचेल पश्चिमा राष्ट्रहरूसमेतले नेपालमा मालिकको भूमिका देखाउन खोज्छन् । सबैले भन्छन् । विभिन्न सम्भावनाले परिपूर्ण नेपाल पानी र अन्य प्राकृतिक खनिजहरूले गर्दा एउटा धनी राष्ट्रमा परिणत हुन सक्छ । तर टुटपुजिया र लोभीपापी राजनीतिक नेतृत्वले गर्दा नेपाल र नेपालीको अवस्था कहालीलाग्दो बनेको छ। यहाँको राजनीतिको प्रमुख मुद्दा र लडाइँ नै कुर्सीप्राप्तिका लागि हो ।

मुलुकमा सम्पन्न थरीथरीका आन्दोलनसमेत कुर्सीमैं सीमित रहे। हाम्रा आन्दोलनहरू केही व्यक्तिको भुँडी बढाउन अस्त्र मात्र बन्यो । राणा, राजा, प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्रका आन्दोलनहरूले विश्वसामु नेपालको शिर ठाडो पार्नुको सट्टा नेताहरूका आगे जनतालाई नतमस्तक गर्न सिकायो र संसारसामु नेपालको शिर झुकाउने काम गर्न थाल्यो । अचेल त विदेशमा रातो पासपोर्टधारी नेपाली भिआइपीसमेतलाई शङ्कालु आँखाले हेरिन्छ । नेताहरूको घटिया रवैयाले गर्दा नै विश्वसामु नेपालको शिर झुकेको देखिन्छ । तर नेताहरूले जतिसुकै घटियापन देखाए तापनि वीर गोर्खालीहरूको यो मुलुकको सार्वभौमसत्ता र स्वतन्त्रता विदेशीहरूको रखैल बन्न सक्ने सम्भावना पटक्कै देखिंदैन। यस्तै कारणहरूले अत्तालिएको भारतले अचेल मधेसी दलहरूलाई उचालेर उताबाट यता आएकाहरूलाई नेपाली नागरिकता दिने भर्तीकेन्द्र बनाउन भित्रभित्रै कम्मर कसेर लागेको छ । नेपाललाई सिक्किम त के भुटानसम्म बनाउन नसकेको व्यथा भारतलाई छ । त्यसैले त घरीघरी नेपाललाई ज्यापुको बुख्याचा बनाएर तर्साइरहन्छ र कमजोर मुटुका कुर्सीप्रेमी नेपाली नेताहरू छुलछुल मुतिरहन्छन्। विदेशी गिद्ध नजरबाट हाम्रो मुलुक सुरक्षित रहे पनि राजनीतिक दलहरूको कायरताले दक्षिणी सीमाका नेपाली नागरिकहरू भारतीय हुल्याहा र छुल्याहा सुरक्षाकर्मीबाट असुरक्षित बन्दै आएका छन् । नेपालको झन्डै २२ जिल्लाको सीमा भारतसँग जोडिएको छ। मेचीदेखि महाकालीसम्म भारतसँग जोडिने नेपाली भूभागका जनताहरू कतै न कतै दैनिकजसो भारतीयहरूबाट हेपिने, कुटिने गरिएका छन् । यस्ता असह्य किसिमका भारतीय व्यवहारबारे सरकार पाइपाइ जानकार छ तर जनताप्रति जवाफदेहिता वहन गर्न अक्षम हाम्रा नेताहरू कानमा तेल हालेर भारतलाई ठूल्दाइ मानेर बस्नुमा आफ्नो भलाइ देख्छन्। सङ्क्षेपमा भन्ने हो भने सीमा क्षेत्रमा बस्नेहरू असुरक्षित मात्र होइन टुहुरो नै बनेका छन् । अभिभावकविहीनलाई टुहुरो नै भनिन्छ।

नेपालको तराईदेखि पहाडसम्म भारतसँग सीमा जोडिएका सबै जिल्लामा भारतीयहरूको एकैखाले उदेकलाग्दो व्यवहार छ । खप्नै नसक्ने, अपराधी प्रवृत्तिको, हत्यासम्म हुँदासमेत नेपाल सरकार रमिते बन्ने गरेको देखिन्छ । भारतसित कुराकानी गर्नसमेत अनकनाउने नेपालले चेतावनी दिने त कहिले हो कहिले । धेरै पहिलेदेखि नै भारतीयहरूले नेपाली चेलीहरूलाई फकाइफुल्लाइ भारतका कोठीहरूमा बेच्ने, भारतमैं पसिना बगाएर दशैं तिहारमा नेपाल आउने नेपालीलाई धोती न टोपी बनाएर सीमा क्षेत्रमा लुट्ने, भारतीय जेलमा बन्दी डनले फोनबाट धम्क्याएर नेपाली व्यापारीहरूसँग हप्ता असुली गर्ने, अटेर गर्नेहरूलाई अपहरण गर्ने, नेपालीको मानमर्दन गर्ने, जङ्गे पिलर सारेर गाउँ बसाउने आदि अकल्पनीय कार्यहरू निरन्तर गर्दै आए तापनि नेपाल सरकारको तर्फबाट निदानको लागि कुनै पहल भएको देखिंदैन । मन्त्रिमण्डलको भागबन्डा लाग्दा सबै दलको प्रमुख रोजाइमा पर्ने परराष्ट्र मन्त्रालयको त म कुनै काम नै देख्दिनँ, बरु यो मन्त्रालयलाई खारेज गरेकै बेस । न रहन्छ बाँस, न बज्छ बाँसुरी । अरू त अरू सरकारले भारतीय रुपैयाँ जम्मा गर्न नसक्दा सीमापारि भारतीय बजारमा किनमेल गर्न जानेहरूलाई त्यहाँका खुद्रे व्यापारीहरूले समेत नेपाली मुद्राको अवमूल्यन गर्दै भारु एक सय बराबर नेपाली १६५ असुल्छन् । राष्ट्र बैंकले रु एक सयमा १५ पैसा बट्टा लिए पनि राष्ट्र बैंकबाटै इजाजतप्राप्त वीरगंजस्थित सटही काउन्टरहरूसमेतले रक्सौलकै देखासिकी गर्दै आफ्नै नेरुको अवमूल्यन गर्दै हाकाहाकी भारु एक सयको नेरु १६३ देखि १६५ असुल्छन् ।

यसरी मुलुकको अवमूल्यन, जनताको अवमूल्यन, मुद्राको अवमूल्यन हुँदासमेत नागाबाबाले झैं आँखा चिम्लेर बस्नेहरूले मुलुककै पतन गराइरहेका छन् । पातकी राजनीतिक दल र तिनका नेताहरूबाट देशलाई बचाउन अर्को आन्दोलन नै जरुरी छ ।

आफ्नै लङ्गोटी खुस्केको चाल नपाउने राजनीतिक दल र तिनका नेताहरूले जनताको इज्जत–आबरु बचाउन द्रौपदीको चीरहरण रोक्ने कृष्णावतार बन्न सक्दैनन् । कंश प्रवृत्तिको यिनको भित्री कलुषित मंसा के हो भन्ने कसैले चाल नपाए पनि मुलुक र जनताको लागि यिनको रवैया सदा 'कौवा चले हंसकी चाल'सम्म सीमित देखिन्छ। मरणोपरान्त आन्दोलन त यिनले पद, पैसा, पावर र कुर्सीका लागि गर्ने हो। लाचार र लाचारी हाम्रा राजनीतिक दलका विशेषता नै हुन् ।

साउनमा जयसिंह धामीको भारतीय सुरक्षाकर्मीहरूबाट हत्या भएपछि भारतका सत्तारूढ दल भारतीय जनता पार्टीका विदेश प्रमुख विजय चौथाइवाल भदौको पहिलो हप्ता नेपाल आए । तर आरजु देउवा राणाले चौथाइवाललाई राखी बाँध्न भ्याइन् भने शेरबहादुरले जयसिंहको नामको उच्चारण गर्न सकेनन्। विजय चौथाइवालले नेपालका सबैजसो राजनीतिक दलका नेताहरूलाई दर्शन भेट दिए तर उनीहरूमध्ये कसैले पनि अनाहकमा मारिएका आफ्ना नागरिक जयसिंह धामी र भारतीय सुरक्षाकर्मीको ज्यादतीबारे कुरा गर्न जरुरी ठानेनन् । धिक्कार छ, यिनीहरू सबैलाई । नेपाल सरकारले पीडित परिवारलाई न्याय दिलाउनु त कता हो कता उल्टै नूनचुक लगाउँदै १० लाख लेऊ, मुख थुनेर बस भन्दै धम्क्याउन थालेको छ । यस्ता अपाङ्ग र लाचारहरूबाट कसरी हाम्रो कल्याण होला र ? हाम्रा नेताहरूको चरित्र 'आफैं राँड देश भाँड'भन्दा तल्लो स्तरमा खस्किंदो छ।

लाचार र लाचारीको पनि एउटा सीमा हुन्छ । नेपाली नेताहरूले त्यो हद उहिल्यै पार गरिसके। अन्याय गर्नेभन्दा अन्याय सहने दोषी हो । हाम्रो दोषी नेताहरूलाई कसले, कहिले सजाय दिने हो, थाहा छैन। कहिलेसम्म हामी भारतीय ज्यादतीको शिकार भइरहने र अकाल मृत्युवरण गरिरहनुपर्ने हो, त्यो पनि थाहा छैन। हे दैव।

# चालक अनुमतिपत्रका लागि तत्काल फारम नखुलाइने

काठमाडौं, २३ भदौ/रासस

यातायात व्यवस्था विभागले चालक अनुमतिपत्रका लागि तत्काल फाराम नखुलाउने भएको छ। यसअघि फाराम भरेका झन्डै छ लाख सेवाग्राही परीक्षामा सहभागी हुन पाएका छैनन् । ती परीक्षार्थीको परीक्षा नसकिएसम्म विभागले नयाँ फाराम नखुलाउने भएको हो ।

फाराम भरेका झन्डै आधा परीक्षार्थी परीक्षामा सहभागी भएपछि मात्रै फाराम खुलाइने विभागका प्रवक्ता डा लोकनाथ भुसालले जानकारी दिए । उनले भने, "दशैंसम्ममा दुई/तीन लाख परीक्षार्थी सहभागी भएमा यसपछि खुलाइनेछ ।" फाराम भरेका सेवाग्राहीले परीक्षामा सहभागी हुन पाएका छैनन् भने परीक्षामा पास भएका झन्डै सात लाखले अझै 'स्मार्ट' चालक अनुमतिपत्र पाउन बाँकी छ। विभागले अनुमतिपत्रका लागि कार्ड खरीद गरे पनि प्राविधिक समस्याका कारण कार्ड आइसकेको छैन । अहिले विभागसँग झन्डै दुई हजार कार्ड मात्रै बाँकी रहेको उनले बताए ।

विभागले मिसनमा जाने सुरक्षाकर्मी र चालकका रूपमा रोजगारमा जानेका लागि मात्रै अनुमतिपत्र दिने गरेको छ। उनले भने, "सर्वसाधारणका लागि छपाइ हुँदैन, प्रवेशाज्ञा र टिकट देखाएपछि अत्यावश्यक हेरेर मात्रै छपाइ हुन्छ ।" केही महीनाभित्रमा कार्ड नआएमा अत्यावश्यक कामका लागि समेत अनुमतिपत्र दिन गाऱ्हो पर्न सक्ने विभागका प्रवक्ता डा भुसालले बताए । दशैंसम्ममा कार्ड आइपुगेमा समस्या नहुने बताइएको छ ।

परीक्षा पास भएको लामो समयसम्म




पनि सेवाग्राहीले अनुमतिपत्र नपाएपछि अहिले यातायात कार्यालयले अस्थायी प्रकृतिको अनुमतिपत्र वितरण सुरुआत गरेको छ। कोरोना नियन्त्रणका लागि केही समय पहिलेसम्म निषेधाज्ञा भएकामा त्यो हटेसँगै यातायात कार्यालयले परीक्षा पास गरेकालाई परीक्षणकालीन अनुमतिपत्र दिन थालेका हो । यो अनुमतिपत्र कार्यालयले आफैं छापेर एक वर्षका लागि दिने गरेको प्रवक्ता डा भुसालले बताए। यसका लागि विभागले प्राविधिकलाई तालीम दिएको छ भने प्रदेश सरकार अन्तर्गतका कार्यालयले छाप्ने उपकरण (प्रिन्टर) किनेको छ । विभागले गत १० गते गरेको निर्णयका आधारमा कार्यालयले आवेदन दिएका सेवाग्राहीको परीक्षा सञ्चालन गरिरहेका छन् । काठमाडौं उपत्यकामा रहेका चारवटै कार्यालयले सेवा शुरू गरिसकेका छन्। उपत्यकाबाहिरका कतिपय जिल्लाले शुरू गरिसकेका छन् भने केहीले शुरू गर्दैछन् ।

परीक्षणकालीन चालक अनुमतिपत्रको व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा गरिएको छ । ऐनमा भएको व्यवस्था लामो समयसम्म कार्यान्वयन हुन नसकेकामा अहिले भइरहेको छ । सेवाग्राहीलाई उसले पाउने सङ्केत नम्बर (क्यूआर) नम्बरसहितको अनुमतिपत्र दिइएको हो । यसले गर्दा सेवाग्राहीले परीक्षा पास गरेको लामो समयसम्म भौचर लिएर हिंड्नुपर्ने बाध्यता हट्ने उनले बताए । उनले भने, "यो व्यवस्थाबाट सेवाग्राही र ट्राफिक प्रहरीलगायतलाई सजिलो भएको छ ।"

ऐनमा नै व्यवस्था भएपनि परीक्षणकालीन अनुमतिपत्रलाई निरन्तरता दिने नदिने भन्नेमा विभाग नै स्पष्ट छैन । विभागले फ्रान्सेली कम्पनीमार्फत खरीद गरेको १४ लाख कार्ड आएपछि यसलाई निरन्तरता दिने कि पास गर्नासाथ 'स्मार्ट' चालक अनुमतिपत्र दिने भन्नेमा छलफल भइरहेको विभागले जनाएको छ ।

ऐनमा परीक्षणकालीन अनुमतिपत्र पाएको अवधि एक वर्षभित्र दुर्घटना नगरेमा स्थायी दिने उल्लेख छ। उनले भने, "यो कार्ड शुरू गरेपछि सेवाग्राहीलाई मैले पास गरें मसँग लाइसेन्स छ भन्ने अनुभूति हुने रहेछ ।"

अहिले परीक्षणकालीन अनुमतिपत्र पाउँदा त्योसमेत नै पाँच वर्षको हुनेछ । एउटा प्रकारको सवारीको अनुमतिपत्र लिंदा सेवाग्राहीले अर्को प्रकार थप्दा पहिलेको मिति कायम हुन्छ । त्यसरी अहिले पनि परीक्षणकालीन अनुमतिपत्रसमेत गरी पाँच वर्ष रहेको छ।

विभागले खरीद गरेको कार्ड आपूर्तिमा ढिलाइ भइरहँदा सेवाग्राही हैरान छन् । फ्रान्सेली कम्पनीले कार्ड ल्याउनुपर्ने भएपनि कार्ड ल्याउनुपर्ने एउटा र सिस्टम अर्को कम्पनीको भएकाले समस्या आएको प्रवक्ता डा भुसालले बताए । दुई कम्पनीलाई एक ठाउँमा राखेर समस्या के हो पत्ता लगाएर समाधान गर्न भनिएको छ। उनीहरूले

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# जोर्नीको दुखाइबाट मुक्तिको लागि पाँच उपाय

जोर्नीको पीडा असह्य हुन्छ। जोर्नीको रोगको कारण पीडा र हिंडडुल गर्दा समस्या हुन सक्छ। यसमध्ये केही समस्याको लागि सर्जरी नै गर्नुपर्ने हुन्छ। तर बढीजसो जोर्नीको दुखाइमा राहतको लागि केही उपाय गर्न सकिन्छ ।



**मसाज थेरापी**: मसाज थेरापी जोर्नीको दुखाइको लागि एउटा सजिलो उपाय हो । यसबाट जोर्नीको दुखाइबाट चाँडै राहत पाइन्छ। मसाज थेरापीको माध्यमबाट रक्तसञ्चार शरीरमा सही ढङ्गले हुन्छ र सुन्निएको जोर्नीलाई आर ाम पुग्छ । घरमै कुनै फिजियो थेरापिस्टको मदतबाट गर्न सकिन्छ । फिजियो थेरापिस्टसँग मसाज सिकेर घरमैं गर्न सकिन्छ । तोरी, जैतुन र नरियलको तेलले मसाज गर्दा जोर्नीको दुखाइबाट आराम पाइन्छ ।


**आइस थेरापी**: जोर्नीको दुखाइबाट छुटकारा पाउनको लागि बरफ थेरापीको पनि मदत लिन सकिन्छ। प्रतिदिन १५ देखि २० मिनेटसम्म केहीपटक यो थेरापी गर्नाले जोर्नीको पीडामा राहत दिन्छ । यस उपचार विधिले जोर्नीको पीडा र सुन्निएको कम गर्छ ।

**हिट थेरापी**: प्रभावित जोर्नीको पीडामा तीन मिनेटसम्म हीट थेरापी अत्यन्त असरदार हुन सक्छ । हिट थेरापीबाट सुन्निएको कम भएपछि दुखाइमा राहत पाइन्छ । हिट थेरापी कुनै हट ब्याग वा तौलियाले गर्न सकिन्छ । सीधै हिट थेरापीबाट नोक्सान हुनसक्छ ।

**औषधि**: जोर्नी दुखेपछि आराम गर्नुपर्छ। आराम गर्नाले हाम्रो जोर्नी र मांसपेशीले आराम पाउँछ र दुखाइ कम हुने सम्भावना बढ्छ ।

# किन मानिस श्मशानमा जीवित हुन्छन् ?

श्मशानबाट मानिसहरू जीवित भएको थुप्रै घटना हामीले पढेका छौं । यो कुरा झूटो लाग्छ, तर सत्य पनि हुन्छ । प्रायः श्मशान वा कब्रिस्तानमा मृत व्यक्ति उठेर बसेको समाचारहरू सुनेका हुन्छौं । यसको पछाडिको कारण पनि छ। यस्ता घटनालाई भूत वा प्रेत आत्माको असर मानिन्छ अथवा कसैले पृथ्वीमा अहिले त्यस मनुष्यको समय नआएको भन्दै यमराजले उसलाई पठाएको बताउँछन्। विज्ञानका आधुनिक चिकित्सकले पनि यसलाई सत्य मान्न थालेका छन् ।



चिकित्सकका अनुसार जब कसैलाई हृदयघात हुन्छ, तब पीडित व्यक्तिको छाती जोडले थिच्नुपर्छ। त्यस पीडित व्यक्तिको छाती तबसम्म थिच्नुपर्छ जबसम्म त्यसले साँस फेर्न शुरु नगरोस् अथवा एम्बुलेन्स नआइपुगोस् । यस प्रविधिको प्रयोगबाट ९० प्रतिशत रोगीलाई जोगाउन सकिन्छ । जब कुनै नवजात बच्चा जन्म लिंदा हाइपोथर्मियाका कारण मृत घोषित गरिन्छ तर श्मशान भूमिको गर्मीको कारण मृत बच्चा जीवित पनि हुन सक्छ ।

# गहिरो मस्तकरेखा भएका व्यक्ति किन कम बाँच्छन्

एउटा नयाँ अध्ययनले भनेको छ– जुन व्यक्तिको निधारमा गहिरो मुजा (रिंकल्स) हुन्छ उनीहरूमा मुटुरोगबाट मर्ने खतरा बढी हुन्छ । फ्रान्सको विश्वविद्यालयमा गरिएको अध्ययन अनुसार निधारको गहिरो रेखामा हाम्रो नजर यसकारण पुग्यो किनभने यो सजिलै देखिन्छ। यदि यो सम्भव हुन्छ भने कसैको अनुहार हेरेर पहिचान गर्न सकिन्छ उसलाई कुनै रोग हुने खतरा छ कि छैन यसबाट डायग्नोसिस सजिलो हुनेछ ।

फ्रान्सको होस्पिटेलियर युनिभर्सिटीका एसोसिएट प्रोफेसर योलान्ड एस्क्विरोलले भने– "मेरो यस निष्कर्षमा लाइफस्टाइलमा भइरहेको परिवर्तन पनि सामेल छ । मानिस बढी कसरत गरिरहेका छन् र स्वस्थ खाना खाइरहेका छन्। यदि तपाईंलाई मुटुरोग हुने शङ्का छ भने रक्तचाप नियमित चेकजाँच गर्नुस्। साथै लिपिड प्रोफाइल र ब्लड सुगर लेभल चेक गराउनुपर्छ। सुझावको आधारमा जीवनशैलीमा परिवर्तन गर्नुपर्छ ।



मुटुरोगको खतरा उमेर वृद्धिसँगै बढ्छ । तर औषधि र स्वस्थ जीवनशैली अपनाएर यसलाई टाल्न सकिन्छ । अध्ययनमा युनिभर्सिटीले ३२ सय कुशल कामदारलाई सामेल गरेको थियो। ती प्रतिभागीहरूको उमेर ३२, ४२, ५२, ६२ थियो, सबैलाई फिजिसियनले चेक गरे र उनीहरूको निधारमा आउने रेखालाई हेर्दै उनीहरूको हिसाबले स्कोर दिए। शून्य स्कोरका मतलब थियो निधारमा हुनै चिह्न छैन र ३ को अर्थ थियो निकै धेरै ।

अध्ययन २० वर्षसम्म चल्यो। यस दौरान २३३ व्यक्तिको विभिन्न कारणबाट ज्यान गयो। यसमा १५.२ प्रतिशतको २ वा ३ स्कोर थियो अर्थात् निधारमा धेरै चिह्न थियो । ६.६ प्रतिशतको १ स्कोर थियो र २.१ प्रतिशतको कुनै रिंकल थिएन। शोधकर्ताका अनुसार जुन व्यक्तिको १ स्कोर थियो, उनीहरूको मुटुरोगबाट मर्ने सम्भावना ० स्कोरभन्दा बढी थियो भने जसको स्कोर २ वा ३ थियो उनीहरूको हृदयरोगबाट मर्ने जोखिम १० गुना बढी थियो । यस आधारमा यो निष्कर्ष निकालिएको छ– बढी रिंकल भएका व्यक्तिमा मुटुरोगबाट मर्ने खतरा बढी रहन्छ ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# तालिबानले सरकार गठन गर्‍यो, विरोध कायमै

काबुल, २३ भदौ/एएफपी

तालिबानले हिजो सरकार गठन गरेको छ । उनीहरूले गठन गरेको सरकार उदार नभएको अर्थात् कडा खालको भएको भन्दै त्यसको विरोध भएको छ ।




तालिबानका प्रवक्ता जबिउल्लाह मुजाहिद । तस्वीरः एपी

केही दिनअघि मात्र पनि तालिबानले सरकारमा महिलाको प्रतिनिधित्व गराउनुपर्ने माग गर्दै महिलाहरूले विरोध प्रदर्शन गरेका थिए । सो प्रदर्शनमा तालिबानले अश्रुग्याँस हान्न लगाएको थियो। यसअघि तालिबानले उदार खालको र समावेशी सरकार बनाउने भनेको थियो।

व्यवहारमा त्यसो हुन नसकेको भन्दै विरोध कायमै रहेको बताइएको छ । तालिबान सरकारको विरुद्धमा अफगानिस्तानका विभिन्न शहरमा अहिले पनि विरोध जारी रहेको छ। हेरातमा भएको यस्तै विरोधका क्रममा दुईजनाको ज्यान पनि गएको थियो ।

उनीहरूले शुरूमैं समावेशी खालको सरकार बनाउने र त्यसमा महिला सहभागिता पनि हुने भन्दै सार्वजनिक अभिव्यक्ति दिएका थिए ।

अगस्त १५ मा अफगानिस्तानका तालिबानले यहाँको सत्ता कब्जा गरेका थिए । आफ्नो सैन्य शक्तिद्वारा सत्ता कब्जा गरेका उनीहरूले हिजो मात्र नयाँ सरकार घोषणा गरेका थिए ।

**तालिबानले व्यावहारिकता प्रदर्शन गरेकाले यसको कामको मूल्याङ्कनबाट प्रस्ट हुने**

दोहा/एएफपी

कतारले तालिबानले व्यावहारिकताको प्रदर्शन गरेकोले उनीहरूको कामलाई निर्विवादित शासकको रूपमा मूल्याङ्कन गर्नुपर्ने जनाएको छ ।

कतारी सहायक विदेशमन्त्री लोल्वाह अल–खतरले अन्तर्वार्ता दिँदै तालिबान शासकलाई इस्लामवादी शासकको मान्यता भने तत्काल दिन नसकिने घोषणा गरिन् । उनले अफगानिस्तानको भविष्यको निर्णय अफगानी जनताले नै गर्ने र यो अन्तर्राष्ट्रिय समुदायको विषय नभएको जनाएकी छन् । यसअघि दोहाले तालिबानको विषयमा कतारमा राजनीतिक कार्यालय खोलेर मध्यस्थतासमेत गरेको थियो ।

तालिबानले व्यावहारिकताको प्रदर्शन गरेकाले यस अवसरलाई सबैले सदुपयोग गर्नुपर्ने र तालिबानका अन्य थप सार्वजनिक कामको मूल्याङ्कन गर्नुपर्ने सहायक मन्त्री खतरले उल्लेख गरेकी छन् । उनले हालको अफगानिस्तानका शासक अन्तरिम र डेफ्याक्टो भएकोले तत्काल यसले औपचारिक मान्यता पाउन भने केही समय लाग्ने बताएकी छन् ।

तालिबानले मुल्लाह मोहम्मद हसन खुन्दको नेतृत्वमा भर्खरै अन्तरिम कार्यवाहक सरकार गठन गरेको छ तर कतारलगायत संयुक्त राष्ट्रसङ्घका कुनै पनि सदस्य राष्ट्रबाट मान्यता भने पाएको छैन ।


खतरले तालिबानी नयाँ शासकबाट केही सकारात्मक सङ्केतसमेत देखिएको उल्लेख गरेकी छन् । कतार सरकारकी प्रवक्तासमेत रहेकी खतरले धेरै महिला विद्यार्थीसमेत प्रदर्शनका क्रममा काबुल छोड्न बाध्य भएको विषयलाई उल्लेख गरेकी छन् । उनका अनुसार तालिबानले कतारबाट तत्काल औपचारिक मान्यता भने नपाउने, कतार यो विषयमा धेरै टाढा नरहेको र समदूरीमा रहेर सबै कुराको मूल्याङ्कन गरिरहेको जनाएकी छन् । उनले यस विषयमा तालिबानको अन्तरिम सरकारको घोषणापछिको अमेरिकाको प्रतिक्रियासमेतलाई उल्लेख गरेकी छन् । अमेरिकाले तालिबानको नयाँ सरकारको घोषणामा सबै तालिबानी सदस्य मात्र परेको र कुनै महिला नसमेटिएको विषयलाई चासो व्यक्त गरेको छ र भनेको छ यो एउटा कामचलाउ सरकार भएकोले यसको मूल्याङ्कन शब्दबाट भन्दा पनि कामबाट गरिने बताएको छ ।

अफगानिस्तान एक सार्वभौमसत्ता सम्पन्न राष्ट्र भएकोले यहाँका जनताले आफ्नो भाग्य र भविष्यको निर्णय गर्न स्वतन्त्र रहेको खतरले जनाएकी छन् । उनले अन्तर्राष्ट्रिय समुदायले यहाँको जनताको भाग्य, भविष्यको विषयमा कुनै निर्देशन, नियन्त्रण गर्न नमिल्ने र अपेक्षित सहयोग भने गर्न सक्ने बताएकी छन् । रासस

# मेक्सिकोमा ७.१ म्याग्निच्युडको शक्तिशाली भूकम्प

अकापुल्को, मेक्सिको, २३ भदौ/एएफपी

मेक्सिकोको प्यासिफिक रिसोर्ट शहर अकापुल्कोनजीकै मङ्गलवार ७.१




तस्वीरः एएफपी

म्याग्निच्युडको भूकम्प गएको छ । हालसम्म प्राप्त समाचार अनुसार यस भूकम्पको कारण कम्तीमा एक व्यक्तिको मृत्यु भएको छ ।

कोयुका डे बेनिटेज शहरनजीकैको एक पोल ढलेर एकजनाको मृत्यु भएको गुएरेरो राज्यका गभर्नर हेक्टर अस्टुडिलो बताएका छन् ।

भूकम्प गएको अवस्थामा राजधानीबाट सयौं किलोमिटर टाढा रहेका भवन हल्लाएको बताइएको छ । भूकम्पको केन्द्र गुएरेरो राज्यको एकापुल्कोबाट ११ किलोमिटर दक्षिणपूर्वमा रहेको यहाँको राष्ट्रिय भूकम्प विभागले जनाएको छ ।

मेक्सिकोका राष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरले एक भिडियो सन्देशमार्फत यहाँ धेरै विनाशको कुनै समाचार नभएको बताएका छन् ।

केन्द्रबिन्दु नै भएको गुएरेरो राज्यको एकापुल्को शहरमा भाग्यवश धनजनको खासै क्षति नभएको पनि ओब्राडोरले बताए। कम्तीमा ४ म्याग्निच्युड वा सोभन्दा माथिका दर्जनौं परकम्पनले पर्यटक होटेलबाट निस्किएका थिए । रासस

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

# सङ्क्रमण घट्यो, निको हुने बढे, अस्पतालका शय्या खाली हुँदै

काठमाडौं, २३ भदौ/रासस

पछिल्ला हप्तामा कोरोना भाइरसको सङ्क्रमण दर घट्दै गएको पाइएको छ।



तस्वीरः फाइल

पछिल्लोपटक मुलुकभरि नै सङ्क्रमण घटेको पाइएको चिकित्सकले जनाएका छन् ।

गएको २० दिनयताको तथ्याङ्क हेर्दा नेपालमा कोरोना भाइरसको सङ्क्रमण करीब २५ प्रतिशतले घटेको देखिएको छ । साथै निको हुने दरमा पनि करीब यही अनुपात देखिन्छ ।

सरकारले जोमिखमा रहेका व्यक्तिलाई खोप लगाउने कामलाई प्राथमिकतामा राखेर खोप लगाएको र यसबाट रोग प्रतिरोधात्मक क्षमता बढ्न गई सङ्क्रमण घटेको चिकित्सकको भनाइ छ। धेरै नागरिकले खोप पाएका र जोखिममा रहेका सङ्क्रमित पनि निको भएपछि उनीहरूमा पनि एन्टिबडीसमेत बनिसकेकाले सङ्क्रमण हुने व्यक्तिको सङ्ख्या घट्दै गएको पाइएको हो ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले पछिल्लो हप्ता सङ्क्रमण दरमा कमी आएको जानकारी दिए । उनका अनुसार पहिले परीक्षण गराएकामध्ये २२ प्रतिशत सङ्क्रमण हुने गरेको पाइएको भएपनि अहिले त्यसमा कमी आएको छ। उनका अनुसार अहिले पिसिआर परीक्षण गरेकामध्ये १३ देखि १५ प्रतिशतमा मात्र सङ्क्रमण देखिएको छ ।

सङ्क्रमित हुनेको सङ्ख्यामा कमी आएपछि अस्पतालमा भर्ना हुने बिरामी पनि विगत १० दिनदेखि कमी हुँदै आएको अस्पतालले जनाएका छन्। सङ्क्रमणको दोस्रो लहर आएसँगै साउनमा सङ्क्रमण बढेकामा अहिले आएर भने कमी देखिएको हो ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुपराज बाँस्तोलाले पहिलेभन्दा सङ्क्रमित भएर उपचार गराउन आउने बिरामीको सङ्ख्यामा कमी आएको बताए। उनका अनुसार शुक्रराजमा सघन उपचार कक्षमा १३ जना, एचडियूमा १५ जना, आकस्मिक कक्षमा तीनजना र क्याबिनमा तीनजना रहेका छन् । शुक्रराजमा अक्सिजन चाहिने बिरामीलाई मात्र भर्ना गरिन्छ ।

उनले धेरैले कोरोना भाइरसविरुद्धको खोप लगाइसकेको र रोग प्रतिरोधात्मक क्षमता पनि बढेकाले सङ्क्रमण घटेको बताए। "पहिले दैनिक २५ देखि ३० जना बिरामी आकस्मिक कक्षमा आउने गर्दथे," उनले भने, "तर अहिले त्यो सङ्ख्या घटेर दैनिक बढीमा १० जना बिरामी उपचार गर्न आएका छन् ।" उनले समुदाय नै सङ्क्रमण भएको र ती निको भएका व्यक्तिमा एन्टिबडी बनेकाले पनि सङ्क्रमणले आक्रमण नगरेको बताए ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार साउन १ गते १४ हजार १८२ जनाको परीक्षण गर्दा दुई हजार ९३६ मा सङ्क्रमण देखिएकामा हिजो मङ्गलवार भदौ २२ गते पछिल्लो २४ घण्टामा १५ हजार ३४ जनामा परीक्षण गर्दा एक हजार ६७७ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । गत असार २२ गतेदेखि सबै प्रकारका व्यवसाय खुला र जोरबिजोर हटाउँदै सबै सवारीसाधन सञ्चालन गर्ने गरी निषेधाज्ञालाई खुकुलो बनाएसँगै सङ्क्रमण बढेको थियो ।

नेपालमा गरिएको सर्वेक्षणमा ६८.६ प्रतिशत मानिसमा रोग प्रतिरोधात्मक क्षमता (एन्टिबडी) बनेको पाइएको छ । यस्तै, एक मात्रा खोप लगाएका व्यक्तिहरूमा ८० प्रतिशतमा र पूर्णमात्रा खोप लगाएकामा ९० प्रतिशतमा एन्टिबडी बनेको मन्त्रालयले जनाएको छ। नेपालमा ५० वर्षभन्दा माथिका प्रायः सबैले खोप लगाइसकेका छन् ।

नेपालमा दैनिक एक लाखजनाले खोप लगाइरहेका छन्। नेपालमा अहिलेसम्म ५६ लाख तीन हजार ७५७ जनाले पहिलो मात्रा र ५० लाख १२ हजार ८२१ जनाले पूर्ण मात्राको खोप लगाइसकेका छन् । नेपालले कोभ्याक्स सुविधा, अनुदान र खरीद गरेर अहिलेसम्म एक करोड ३३ लाख खोप ल्याइसकेको छ । कोरोना भाइरसको सङ्क्रमण रोक्ने उपायहरूमध्ये भरपर्दो उपाय खोप देखिएकाले नेपाल सरकारले यसलाई प्राथमिकता दिएर खोप भित्र्याएको छ।

सरुवारोग विशेषज्ञ डा सागर राजभण्डारीले खोप लगाएका र जनस्वास्थ्यका मापदण्ड लागू गरेकाले सङ्क्रमण कम भएको बताए ।

उनले हरेक दिन सभा, सम्मेलन जस्ता गतिविधिले फेरि सङ्क्रमण बढ्न सक्ने खतरा रहेको भन्दै यसका लागि सबैले ध्यान दिनुपर्ने सुझाव पनि दिए ।

वीर अस्पतालका निर्देशक डा भूपेन्द्र बस्नेतले सङ्क्रमण दर नबढेको बताए । "अहिले सङ्क्रमण दर स्थिर अवस्थामा रहेको छ," उनले भने, "प्रायः सबैले खोप लगाइसकेको र जनस्वास्थ्यका मापदण्ड लागू गरेका हुनाले सङ्क्रमण बढेको छैन ।"

गत फागुन र चैतमा पनि सङ्क्रमण बढेको थिएन । वैशाखमा सङ्क्रमणको दोस्रो लहर आएपछि सङ्क्रमण बढेको थियो। नेपालमा शुरूदेखि अहिलेसम्मको सङ्क्रमण दर भने १९.३ प्रतिशत रहेको छ ।

सरकारले असोजसम्म कुल जनसङ्ख्याको ३३ प्रतिशत र चैतसम्म सबै नेपालीलाई खोप लगाइसक्ने जनाएको छ ।

# भन्सार छलीको सामानसहित ट्रक र मानिस पक्राउ

प्रस, वीरगंज, २३ भदौ/

बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिका–२१ स्थित इलाका




प्रहरीले बरामद गरेको ट्रक र सामान। तस्वीर सौजन्य : जिप्रका सिमरा

प्रहरी प्रहरी अमलेखगञ्ज अगाडिबाट चेकजाँचको क्रममा भन्सार छलीको सामान बरामद भएको छ ।

गुप्त सूचनाको आधारमा चेकजाँच गर्दा ना ५ ख ८८४६ नं. को ट्रकमा इँटा लोड रहेको र इँटा भित्र लुकाएर राखेको भन्सार छलिको सामान प्रहरीले बरामद गरेको छ ।

बरामद सामानहरू साडी, सुटको कपडा, कुर्ता, सुरूवाल रहेको र त्यसको मूल्य रू १२ लाख ५७ हजार रहेको प्रहरीले जनाएको छ ।

बरामद सामानको साथमा वीरगंज महानगरपालिका–३२ बस्ने वर्ष २९ का ट्रकका चालक अब्दुल अन्सारी र २३ वर्षीय सहचालक शाहिल अन्सारीलाई प्रहरीले पक्राउ गरि आवश्यक कारबाईका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाएको छ ।

## आजको राशिफल

| | |
|---|---|
| मेष – कडापरिश्रम | वृष – सुसमाचार |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – अतिथिआगमन | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – धनलाभ |
| धनु – कर्मप्राप्ति | मकर – प्रगति |
| कुम्भ – रोगभय | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## चालक अनुमतिपत्र....

धेरै महीना लगाएर समस्या पत्ता लगाएका छन्। पुरानो कम्पनीको सिस्टमले ल्याएको 'इनपुट' कार्डमा छापिन समय लागेको बताइएको छ । फ्रान्सेली कम्पनीले पछिल्लोपटक पठाएको कार्ड यहाँ परीक्षण गर्दा पुरानो प्रणालीमा छापिनसक्ने देखिएको विभागले जनाएको छ ।

'मास प्रिन्टर' खरीद गरिएको भारतीय कम्पनीले पनि केही कार्ड पठाएपछि त्यसको स्थायित्व परीक्षण गर्छौं भनेको उनले बताए । कार्ड लगातार छापिंदा कुनै समस्या आउँछ कि आउँदैन हेर्नका लागि कार्ड अहिले भारत पठाइएको छ। राम्रो भयो भने पनि स्वीकार गर्ने र त्यसपछि मात्रै कार्ड आउन थाल्ने प्रवक्ता डा भुसालले बताए । उनका अनुसार कार्ड आएपछि दुई/तीन सिफ्टमा छापेर पनि सकेसम्म चाँडो सेवाग्राहीको हातमा अनुमतिपत्र पुर्‍याइनेछ ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७७/०७८



चारकोसे झाडीबीच निजगढ नगरपालिका सिंगौलस्थित सुके पोखरीमा बेलुकीको छाक टार्न तिहुन घुघी खोज्दै महिलाहरू । तस्वीरः जीतलाल श्रेष्ठ

# खेलकूदको संसार

## इपिएलको खेलतालिका सार्वजनिक

काठमाडौं, २३ भदौ/रासस

सर्वाधिक पुरस्कार राशि भएको चौथो संस्करणको एभरेस्ट प्रिमियर लिग (इपिएल) टी–ट्वान्टी क्रिकेट प्रतियोगिताको खेलतालिका बुधवार सार्वजनिक गरिएको छ। आगामी असोज ९ गतेदेखि शुरू हुने उक्त प्रतियोगिताको उद्घाटन खेलमा साबिक विजेता ललितपुर प्याट्रियट्स र काठमाडौं किङ्गस ११ बीच हुने आयोजक इपिएल प्रालिले जनाएको छ। विभिन्न शहरका छ फ्रेन्चाइज टोलीको सहभागितामा हुने उक्त प्रतियोगिता अन्तर्गत असोज १० गते हुने दोस्रो खेलमा विराटनगर वारियर्स र चितवन टाइगरले प्रतिस्पर्धा गर्नेछन्। त्यही दिन अर्को खेल गत संस्करणको उपविजेता भैरहवा ग्लाडिएटर्स र पोखरा राइनोजबीच हुनेछ।

असोज २३ गतेसम्म चल्ने उक्त प्रतियोगिताको विजेता टोलीले रु ५० लाख तथा उपविजेताले रु १५ लाख प्राप्त गर्नेछन्। खेल कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा हुनेछ।

## नगरप्रमुखद्वारा विद्यालय भवनको उद्घाटन

प्रस, वीरगंज, २३ भदौ/

नगरप्रमुख विजयकुमार सरावगीले वीरगंज महानगरपालिका–१८ स्थित गीतागजेन्द्र जोशी माध्यमिक विद्यालयको नवनिर्मित भवनको बुधवार उद्घाटन गरेका छन्।



विद्यालय भवनको उद्घाटन गर्दै नगरप्रमुख सरावगी। तस्वीरः सौजन्य

नगरस्तरीय बजेटबाट निर्माण गरिएको चार कोठे पक्की भवनको आज नगरप्रमुख सरावगीले उद्घाटन गर्दै शिक्षा, स्वास्थ्य र मानवता आफ्नो प्रमुख प्राथमिकतामा रहेको बताए। उनले विद्यालय स्थापनाका लागि जग्गादाताहरूको योगदान अतुलनीय रहेको बताए।

शिक्षाको गुणस्तरमा ध्यान दिएर दक्ष जनशक्ति उत्पादनमा विद्यालय र व्यवस्थापन समितिको महत्त्वपूर्ण भूमिका हुनुपर्ने बताए। उनले विद्यालय भवनमा थप एक तला निर्माण गर्ने आश्वासन दिए।

कार्यक्रममा दाता सुरेश रूँगटा, महानगरपालिकाका भौतिक पूर्वाधार विकास समितिका संयोजक अरविन्द गुप्ता, वडाध्यक्ष ब्रह्मदेव राउत कुर्मी, प्र अ दिनेश चौरसियालगायतको सहभागिता थियो।

यसैगरी, नगरप्रमुख सरावगीले वडा नं २४ श्मशानघाटनजीक निर्माणाधीन स्व आत्माराम दुखा सहनी स्मृति भवनको अनुगमन गरे। नगरप्रमुख सरावगीसहितको टोलीले भवन निर्माणको स्थलगत अनुगमन गरेका थिए।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




## गणेश चतुर्थी पूजाको तयारी पूरा

प्रस, जीतपुर, २३ भदौ /

जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत जीतपुर बजारमा आयोजना हुने गणेश चतुर्थी पूजाको सम्पूर्ण तयारी पूरा भएको छ।

शुक्रवारदेखि पाँच दिनसम्म भव्य पूजाको आयोजना हुन लागेको बुधवार पत्रकार सम्मेलनमा आयोजक सिद्धिविनायक पूजा समिति, जीतपुरका अध्यक्ष श्रीराम साह कानूले बताए।

उनले जीतपुरसिमरा उपमहानगरपालिका–७ स्थित गौशाला मैदानमा कार्यक्रम हुने बताए। पूजाको पहिलो दिन शुक्रवार शोभायात्रा निकालेर महोत्सवको शुभारम्भ गरिने उनले बताए।

कोभिड–१९ महामारीलाई मध्यनजर गर्दै विगतका महोत्सवमा समावेश खेलतमासा, रोटे पिङ आदि नराख्ने र गणेश चतुर्थीको परम्परागत एवं विधिवत् पूजाआजा गरिने अध्यक्ष कानूले जानकारी गराए।

धार्मिक आस्था अनुसार गणेश भगवान्लाई चढाइँदै आएको महाप्रसाद २५१ किलोको एउटै लड्डुको आकारमा वृद्धि गरी यस वर्ष २६५ किलोको एउटै लड्डु बनाउने बताए।

उनले गणेश भगवान्को संध्या पूजापश्चात् प्रत्येक दिन ५० किलो लड्डु दर्शनार्थीहरूमा प्रसाद वितरण गरिने बताए।



गणेश चतुर्थी पूजाको तयारीबारे जानकारी गराउँदै। तस्वीरः सौजन्य

## सडक निर्माणका लागि भिक्षाटन

राजेश केशरीवाल, रक्सौल, २३ भदौ/

भारत बिहार, रक्सौलको बाटा चोकदेखि स्टेशन रोड हुँदै आइसीपि लिङ्क रोडको अधुरो निर्माण भएका पुल र सडकलाई पूर्ण रुपले निर्माण गर्न विरोध स्वरूप भिक्षाटन गरिएको छ।



स्वच्छ संस्था रक्सौले सो विरोध स्वरुप भिक्षाटनको क्रममा रामजी चौक र बैंक रोडका सबै पसलेहरूसँग एक रुपियाँको भिक्षा लिएका थिए।

संस्थाका अध्यक्ष रञ्जीत सिंहले भिक्षाको राशिबाट सडक निर्माणका लागि उदासिन बनेका अधिकारीहरुलाई पुरस्कृत गर्ने काम हुने बताए।

भिक्षाटन कार्यक्रममा सन्नी पटेल, आलोक श्रीवास्तव, अंशु राज, राजकुमार चौरसिया, बच्चन राय, मुकेश भारती, रघु कुमारलगायतको सहभागिता थियो।

## लागूऔषधसहित युवक पक्राउ

सुग्रीव साह, भिस्वा, २३ भदौ/

सशस्त्र प्रहरीले लागूऔषधसहित एकजना युवकलाई पक्राउ गरेको छ। प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले बताए।

सप्रनाउ बस्नेतले वीरगंज–१५ निवासी



तस्वीरः प्रतीक

सिकटाबाट भिस्वा आएका एकजना युवकलाई चेकजाँच गर्दा दुई किलो गाँजा र १५ सय एम्पुल नाइट्रोजेपाम, डाइजेपाम, नुर्फिन बरामद भएको सशस्त्र राजकुमार पटेललाई लागूऔषधसहित पक्राउ गरिएको र कारबाईको लागि इलाका प्रहरी कार्यालय पोखरियाको जिम्मा लगाएको बताए।

## लोसपाको कार्यालय उद्घाटन

प्रस, वीरगंज, २३ भदौ/

लोकतान्त्रिक समाजवादी पार्टी नेपालको पर्सा जिल्ला कार्यालय सञ्चालनमा आएको छ।



तस्वीरः प्रतीक

वीरगंज महानगरपालिका–२५ श्रीसिया खल्वाटोलामा प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीको घरमा पार्टी कार्यालय सञ्चालनमा आएको हो। बुधवार प्रदेशसभा सदस्य कुर्मीले पार्टीको झन्डोत्तोलन गरेर कार्यालयको उद्घाटन गरे। उनले जसपा अध्यक्ष उपेन्द्र यादवको कारण पार्टी फुटेको आरोप लगाए। उनले नयाँ पार्टीले मधेसका मुद्दालाई अझ उचाइमा पुऱ्याउने दाबी गरे। उनले सबै कार्यकर्तालाई लोसपामा आबद्ध भएर मधेसको मुद्दा अगाडि बढाउन आग्रह गरे।

कार्यक्रममा लोसपाका स्थानीय नेताहरू निजामुद्दीन समानी, पुरुषोत्तम झा, रम्भा मिश्र, मुन्नी श्रीवास्तव, मालती कुशवाहा, रमतुल्लाह खाँ, उषा श्रीवास्तवलगायतको सहभागिता थियो।

## मुस्लिम प्रतिनिधित्व बढाउन माग

प्रस, वीरगंज, २३ भदौ/

नेपाली काङ्ग्रेससँग आबद्ध नेपाल मुस्लिम सङ्घले नेका पर्साका उपसभापति दिनाप्रसाद गुप्तालाई ज्ञापनपत्र बुझाएको छ।



तस्वीरः प्रतीक

नेपाल मुस्लिम सङ्घले बुधवार देशभरिका नेकाका जिल्ला सभापतिलाई मुस्लिम प्रतिनिधित्व सङ्ख्या बढाउन आग्रह गर्दै ज्ञापन दिने कार्यक्रम अन्तर्गत आज नेपाल मुस्लिम सङ्घ पर्साका अध्यक्ष जाकिर हुसेन नेतृत्वको टोलीले नेका पर्साका उपसभापति गुप्तालाई ज्ञापनपत्र बुझाएको हो।

देश सङ्घीयता, समावेशितामा गए पनि अहिलेसम्म कानूनी तथा व्यावहारिकरूपमा लागू नभएकाले नेकाको विगतको महाधिवेशनभन्दा पनि अहिले मुस्लिम प्रतिनिधित्व कम भएको भन्दै ज्ञापनपत्रमा मुस्लिम प्रतिनिधित्व बढाउन आग्रह गरिएको छ।

ज्ञापनमा १४औं महाधिवेशनको निर्वाचन निर्देशिकाबमोजिम देशभरिका वडाबाट महिला, दलित, आदिवासी, खस आर्य, मधेसी, मुस्लिम, थारू, अपाङ्गता भएका व्यक्तिहरू प्रतिनिधित्वबाट वञ्चित भइरहेको भन्दै ती सबै आरक्षितबाट वञ्चित प्रतिनिधिहरूको मागबमोजिम प्रतिनिधित्व सुनिश्चित गर्न माग गरिएको छ।

कार्यक्रममा मुस्लिम सङ्घ पर्साका सचिव रेजवानुल हक, केन्द्रीय सदस्य सकिल मियाँ, स्थानीय नेता ताज अलि अन्सारी, यासिन अन्सारी, नेका पर्साका उपसभापति प्रकाश उपाध्याय, पूर्वउपसभापति दिनाप्रसाद साह, युवा नेता दिलीपराज कार्कीलगायतको सहभागिता थियो।